# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७६ | काठमाडौं | शुक्रबार, ३० असोज २०८३ | Prabhab National Daily | Friday, 16 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


विवादित अडियो प्रकरण

## सांसद सुनारलाई निलम्बन गरी प्रहरी अनुसन्धानको माग

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारसँग सम्बन्धित विवादित अडियो प्रकरणमा नेपाल प्रहरीले औपचारिक अनुसन्धान अघि बढाउनुपर्ने माग उठेको छ। महिलामाथि अश्लील गालीगलौज, धम्की र पैसा मागिएको सुनिने अडियो सार्वजनिक भएपछि विवादमा तानिएका सुनारलाई अनुसन्धान नसकिँदासम्म निलम्बन गरेर राज्यको अनुसन्धान निकायलाई जिम्मा दिनुपर्ने आवाज उठेको हो।

सुनारको भनिएको अडियो सार्वजनिक भएपछि रास्वपाले आफ्नै केन्द्रीय अनुशासन आयोगमार्फत छानबिन थालेको छ। आयोगले बिहीबार अडियो तथा भिडियोको प्राविधिक परीक्षण गर्न उपप्रमुख हरिचन्द्र भट्टराईको संयोजकत्वमा छुट्टै समिति गठन गरेको छ। समितिले अडियो सार्वजनिक गर्ने सञ्चारमाध्यमसँग मूल अडियो र भिडियो माग्ने तथा आवश्यक परे विशेषज्ञको राय लिने जनाएको छ। तर, यही प्रकरणमा आरोपित सांसदको राजनीतिक दल आफैं अनुसन्धानकर्ता बन्नु कति उचित हो भन्ने प्रश्न उठेको छ।

कानुनका जानकारहरूका अनुसार सांसदसँग सम्बन्धित विषयमा पार्टीले आन्तरिक अनुशासनको प्रश्न हेर्न सक्छ। तर, अडियोमा सुनिएको भनिएका धम्की, गालीगलौज र सम्भावित आपराधिक गतिविधिको सत्यतथ्य पत्ता लगाउने मुख्य जिम्मेवारी राज्यका अनुसन्धान निकाय प्रहरीको हो। पार्टीको छानबिनले राजनीतिक तथा सांगठनिक निर्णय गर्न सहयोग पुऱ्याउन सक्छ। त्यसले प्रहरी अनुसन्धानको विकल्प भने लिन सक्दैन।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीका अनुसार सुनारको भनिएको अडियोमा सुनिएको अभिव्यक्ति गम्भीर प्रकृतिको फौजदारी कसुर आकर्षित गर्ने खालेको छ।

क्रमशः पृष्ठ २ मा



प्रहरीसमक्ष औपचारिक उजुरी नपरे पनि प्रारम्भिक रूपमा बुझ्ने काम भइरहेको छ । घटनामा भएको के हो ? अडियोको सत्यापन के हो ? यो सबै बुझ्ने काम भइरहेको छ ।

**अविनारायण काफ्ले**
**केन्द्रीय प्रहरी प्रवक्ता**



'डिजिटल फरेन्सिक परीक्षण' मार्फत उक्त अडियो एआई निर्मित हो वा वास्तविक व्यक्तिकै आवाज हो भन्ने पत्ता लगाउन सकिन्छ । सम्बन्धित व्यक्तिको आवाज हो वा होइन भन्ने पनि प्राविधिकरूपमा परीक्षण गर्न सकिन्छ ।

**हेमन्त मल्ल**
**पूर्वडिआइजी**



### रास्वपाको छानबिनमाथि कानुनी प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो अनुशासन आयोगलाई अनुसन्धानको जिम्मा दिएपछि आयोगले प्रमाण संकलन र प्राविधिक जाँचका लागि छुट्टै समिति गठन गरेको छ। आयोगले अडियो सार्वजनिक गर्ने सञ्चारमाध्यमसँग सम्बन्धित सामग्री माग्ने तथा आवश्यक परे विशेषज्ञको सहयोग लिने जनाएको छ। दसैंअघि अनुसन्धान पूरा गर्न कठिन हुने आयोगका पदाधिकारीले बताएका छन्।

तर, पार्टीको आन्तरिक छानबिनले सार्वजनिक चासोको विषयमा पर्याप्त विश्वसनीयता दिन सक्छ कि सक्दैन भन्ने प्रश्न छ। आरोपित व्यक्ति सोही पार्टीका सांसद हुन्।

क्रमशः पृष्ठ २ मा

# कांग्रेस पदाधिकारीमा प्रतिनिधिसभामा पराजित हुनेहरूको लर्को

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट पदाधिकारीमा निर्वाचित अधिकांश गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका नेताहरू देखिएका छन्। सभापति गगनकुमार थापा आफैं सर्लाही-४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद अमरेशकुमार सिंहसँग पराजित भएका हुन्।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र उपसभापति पुष्पा भुसाल निर्वाचनमा फागुन २१ को निर्वाचनमा उम्मेदवार बनेका थिएनन्। डा. चन्द्र भण्डारी गुल्मीमा सागर ढकालसँग पराजित हुँदा अर्का उपसभापति मधु आचार्य काभ्रे-२ मा रास्वपाका बदनकुमार भण्डारीसँग पराजित भएका थिए।

समावेशी उपसभापतिमा निर्वाचित विनोदकुमार चौधरी नवलपरासीबाट संसदीय चुनामा पराजित भएका नेता हुन्। महामन्त्री प्रदीप पौडेल काठमाडौं-५ मा रास्वपाका सस्मित पोखरेलसँग पराजित हुँदा उदयशमशेर राणा ललितपुरमा रास्वपाका बुद्धरत्न महर्जनसँग पराजित भएका थिए।

महिला महामन्त्री डा. डिला संग्रौलाले चुनावमा भाग नै लिएकी थिइनन्। सहमहामन्त्री अजयबाबु शिवाकोटी दोलखामा जगदिश खरेलसँग, दलित कोटाबाट सहमहामन्त्री बनेका प्रकाश रसाइली स्नेही बझाङमा ऐन महरसँग पराजित भएका थिए।

मधेसी कोटाबाट सहमहामन्त्री बनेका अजयकुमार चौरसिया पर्सा-२ मा पराजित भएका थिए। मुस्लिमतर्फ सहमहामन्त्री बनेका मोहम्मद फिरदोस आलम एक्ला सांसद बनेका छन्। उनी कांग्रेसका दिवंगत नेता अफताब आलमका छोरा हुन्। अर्का सहमहामन्त्री योगेन्द्र चौधरी दाङ-१ मा रास्वपाका देवराज पाठकसँग पराजित भएका हुन्।

क्रमशः पृष्ठ २ मा

### गगन टिमका पदाधिकारीहरू




**सन्दर्भः वैदेशिक रोजगार**

मलेसिया जाने श्रमिकसँग गैरकानुनी शुल्क असुली

## स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष खड्कासहित चार जना पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकहरूसँग गैरकानुनीरूपमा अतिरिक्त शुल्क असुल गरी ठगी गरेको आरोपमा प्रहरीले नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्कासहित चार जनालाई पक्राउ गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र र विकास रानाभाटसमेतको जाहेरीका आधारमा उपत्यका अपराध अनुसन्धान ब्युरोको टोलीले उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको हो।

पक्राउ पर्नेमा काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-१ का खड्का तथा भक्तपुर चाँगुनारायण नगरपालिका-९ का रविन्द्र केसी, गोरखा घर भई हाल टोखा बस्ने प्रविण तिवारी र सर्लाही घर भई हाल गोकर्णेश्वर बस्ने रामपुकार तिवारी रहेका ब्युरोले जानकारी दिएको छ।




प्रहरीका अनुसार वैदेशिक रोजगारीका लागि मलेसिया जाने श्रमिकहरूको स्वास्थ्य परीक्षण गर्ने क्रममा नेपाल सरकारले तोकेको आधिकारिक शुल्कबाहेक अतिरिक्त रकम असुल गरिएको पाइएको छ।

प्रतिवादीहरूले 'म्याक्रोटेक प्रालि' को नाममा बायो-मेडिकल सर्भिस चार्ज (मेडिकल स्क्रिनिङ) भन्दै गैरकानुनीरूपमा थप शुल्क उठाई संगठितरूपमा ठगी गर्दै आएका थिए। श्रमिकहरूलाई आर्थिक हानि पुऱ्याएर उनीहरूले अनुचित आर्थिक लाभ लिएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

पक्राउ परेका चारै जनाविरुद्ध ठगी तथा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत कसुरमा मुद्दा चलाइएको छ। काठमाडौं जिल्ला अदालतबाट म्याद थपको अनुमति लिएर प्रहरीले उनीहरूमाथि थप अनुसन्धान अगाडि बढाएको छ।

यसैबीच, प्रहरीले विज्ञप्ति जारी गर्दै यस प्रकरणबाट ठगिएका अन्य पीडितहरूलाई पनि प्रमाणसहित यथाशीघ्र प्रहरी ब्युरो वा नजिकको प्रहरी कार्यालयमा उपस्थित भई जाहेरी दरखास्त दिन अनुरोध गरेको छ।

## साउदी सरकारको कडा निर्देशन

### क्षेप्यास्त्र वा ड्रोन आक्रमणको फोटो-भिडियो खिचे वा सेयर गरे कडा कानुनी कारबाही




**काठमाडौं (प्रस)–** साउदी अरबस्थित नेपाली राजदूतावासले साउदी सरकारको निर्देशन पालना गर्न नेपाली श्रमिकहरूलाई आग्रह गरेको छ।

राजदूतावासले बिहीबार विशेष सूचना जारी गर्दै साउदीमा रहेका नेपालीहरूलाई सचेत गराएको हो। हुथी विद्रोहीले साउदीका विभिन्न स्थानमा निरन्तर आक्रमण गरिरहेको सन्दर्भमा साउदी सरकारले त्यहाँ रहेका विदेशी श्रमिकहरूलाई लक्षित गरी कडा निर्देशन जारी गरेको विषयमा दूतावासले नेपालीहरूलाई सचेत गराएको हो। 'हालको सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै साउदी सरकारले एक महत्त्वपूर्ण र कडा निर्देशिका जारी गरेको छ। कृपया यस नियमको कडाइका साथ पालना गर्नुहोला' दूतावासले भनेको छ।

साउदी सरकारले जारी गरेको निर्देशनमा मिसाइल तथा ड्रोन प्रतिरक्षा र यस्ता गतिविधिहरू भएको वा खसेको स्थानको तस्बिर खिच्न, भिडियो बनाउन, सामाजिक सञ्जालमा प्रकाशन वा सेयर गर्न पूर्णरूपमा निषेध गरिएको र यस्तो कार्य गरेको पाइएमा कानुनबमोजिम कडा कानुनी कारबाही हुने जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

## भदौमा भित्रियो दुई खर्ब २१ अर्बभन्दा बढी रेमिटचान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या घटे पनि नेपाल भित्रिने रेमिटचान्स बढेको पाइएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदनले यस्तो देखाएको हो।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह (रेमिटचान्स) २३.९ प्रतिशतले बढेर चार खर्ब ३६ अर्ब ३६ करोड रूपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले बढे पनि कूल रकम चालु आवको भन्दा कम थियो।

गत भदौ महिनामा दुई खर्ब २१ अर्ब ३१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ७४ अर्ब ६७ करोड रूपैयाँ रहेको थियो। समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.५ प्रतिशतले वृद्धि भई दुई अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २७.६ प्रतिशतले बढेको थियो।

- वैदेशिक रोजगारीमा जानेको संख्या घटे पनि रेमिट्यान्स बढ्यो
- भदौमा उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत कायम
- खाद्य तथा पेयपदार्थ समूहको मूल्यवृद्धि सबैभन्दा बढी
- चालु खाता एक खर्ब ६९ अर्ब चार करोड र शोधनान्तर स्थिति एक खर्ब ८७ अर्ब ६८ करोड रुपैयाँले बचतमा
- विदेशी मुद्राको सञ्चिति २० महिनाभन्दा बढीलाई आवश्यक आयात धान्नसक्ने

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७८ हजार ३२० र पुनः श्रम स्वीकृति लिनेको संख्या ५२ हजार १६३ रहेको छ। जबकि, अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८८४ रहेको थियो।

### मूल्यवृद्धि छ प्रतिशतमाथि

चालु आवको भदौ महिनामा मूल्यवृद्धि छ प्रतिशत नाघेको छ। विशेषगरी खाद्य तथा पेय पदार्थतर्फ उच्च मूल्यवृद्धि देखिएको हो।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.८७ प्रतिशत रहेको थियो।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.५४ प्रतिशत रहेको छ भने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.६९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति १.३४ प्रतिशतले ऋणात्मक रहेको थियो भने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.७० प्रतिशत रहेको थियो।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घिउ तथा तेल उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १६.६८ प्रतिशत, फलफूलको १५.९९ प्रतिशत, चिनी तथा चिनीजन्य...

क्रमशः पृष्ठ २ मा

# 'इम्युनोसप्रेसेन्ट' औषधिको बिक्रीवितरणमा नरोकेको विभागको प्रस्टीकरण

**काठमाडौं (प्रस)–** औषधि व्यवस्था विभागले इम्युनोसप्रेसेन्ट (शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई कम गर्ने वा दबाउने औषधि) वर्गका औषधिको बजारमा बिक्रीवितरण तथा प्रयोगमा कुनै रोक नलगाइएको स्पष्ट पारेको छ ।

विभागले बिरामीलाई चिकित्सकको परामर्शअनुसार बजारमा उपलब्ध औषधि नियमित सेवन गर्न आग्रह गर्दै औषधिको अभाव हुने वा बजारमा रहेका औषधिको बिक्रीवितरण बन्द गरिएको भन्ने भ्रामक समाचारको पछि नलाग्न अनुरोध गरेको हो ।

विभागले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै तोकिएको समयभित्र जोखिम मूल्यांकनसम्बन्धी कागजात पेस नगरेका वा निर्धारित मापदण्ड पूरा नगरेका ४७ किसिमका (ब्राण्ड)का औषधिको नयाँ उत्पादन तथा आयातमा रोक लगाइएको जनाएको हो । ती औषधिका दर्ता प्रमाणपत्रसमेत खारेज हुने भए पनि यसअघि नै बजारमा भित्रिसकेका वा बिक्रीवितरणमा रहेका औषधिको बिक्री तथा प्रयोगमा भने कुनै प्रतिबन्ध नरहेको विभागले स्पष्ट पारेको छ ।

अंग प्रत्यारोपण गरेका तथा दीर्घकालीन रोग भएका बिरामीले नियमित सेवन गर्नुपर्ने औषधिको आपूर्तिमा अभाव हुन नदिन विभाग प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ । विभागका अनुसार औषधिको गुणस्तर र सुरक्षालाई सुनिश्चित गर्दै एक औषधिको प्रभाव अर्को औषधिमा पर्न सक्ने जोखिम अर्थात् क्रस-कन्टामिनेसन न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय मापदण्डअनुसार आवश्यक व्यवस्था लागू गरिएको हो ।

यसका लागि विश्व स्वास्थ्य संगठनको प्राविधिक मापदण्डअनुरूप जोखिम व्यवस्थापन, सफाइ प्रमाणीकरण, छुट्टै हावा आवतजावत प्रणाली तथा स्वास्थ्यमा आधारित जोखिम सीमा पालना गर्नुपर्ने व्यवस्था गरिएको विभागले जनाएको छ । साथै, जोखिमका आधारमा सम्बन्धित औषधि छुट्टै उत्पादन सुविधामा उत्पादन गर्ने व्यवस्था लागू गरिएको छ ।

जोखिम मूल्यांकनसम्बन्धी कागजात सन्तोषजनक रहेका उद्योग तथा आयातकर्तालाई बजारमा आपूर्तिको सन्तुलन कायम गर्न बढीमा तीन महिनासम्म उत्पादन तथा आयात गर्न अनुमति दिई प्रमाणपत्र नवीकरण गरिएको विभागले जनाएको छ ।

विभागले नेपाल औषधि उत्पादक संघ, नेपाल औषधि आयातकर्ता संघ तथा नेपाल औषधि व्यवसायी संघसँग समन्वय गरी औषधिको सहज उपलब्धता सुनिश्चित गरिरहेको जनाएको छ । जारी सूचनाविपरीत नयाँ उत्पादन वा आयात गरिएको औषधिको प्रयोगबाट कुनै व्यक्तिमा प्रतिकूल असर परेमा त्यसको सम्पूर्ण जिम्मेवारी औषधि उपलब्ध गराउने वा प्रयोग गराउने निकाय अथवा व्यक्तिले लिनुपर्ने विभागले चेतावनीसमेत दिएको छ ।

## मानवअधिकार आयोगको कार्यालय दसैं बिदामा पनि खुल्ने

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोग र मातहतका कार्यालय आगामी बडादसैंको बिदाका दिनमा पनि सञ्चालन हुने भएको छ । मानवअधिकारको उल्लंघनका घटनाको उजुरी लिन र आकस्मिक प्रकृतिका घटनामा अनुगमन गर्न ती कार्यालय सञ्चालन गरिने छ ।

आयोगको केन्द्रीयसहित प्रदेश र शाखा कार्यालय बिदाका दिन पनि बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म खुला रहने प्रवक्ता डा. टीकाराम पोखरेल बताए । उनका अनुसार त्यस अवधिमा आकस्मिक प्रयोजनका ती कार्यालय खुला रहने छन् ।

पृष्ठ १ बाट क्रमशः

## कांग्रेस पदाधिकारीमा...

### पदाधिकारीमा चार जना देउवा समूहका नेता

कांग्रेसका १९ जना पदाधिकारीका लागि भएको निर्वाचनमा चार जना पूर्वसभापति शेरबहादुर देउवा समूहका नेता निर्वाचित भएका छन् । महाधिवेशनको अन्तिम समयमा पूर्वसभापति देउवा समूह छाडेर उम्मेदवारी दिएका चार जना सहमहामन्त्री पदमा निर्वाचित भएका हुन् ।

यसरी देउवा क्याम्पबाट आएर सहमहामन्त्रीमा निर्वाचित हुनेमा खुलातर्फ रामहरि खतिवडा, मधेसी कोटामा अजयकुमार चौरसिया, पिछडिएको क्षेत्रमा जीवनबहादुर शाही र अल्पसंख्यक कोटामा आङगेलु शेर्पा निर्वाचित भएका हुन् । असोज १६ बाट काठमाडौंको खुलामञ्च, भृकुटीमण्डप र राष्ट्रिय सभागृहमा सुरु भएको कांग्रेस महाधिवेशनको नतिजा अन्तिम चरणमा आइपुगेको छ ।

### गगनको टिममा को-को बने पदाधिकारी ?

महाधिवेशनबाट थापा सभापतिमा निर्वाचित भएका छन् । थापाले छ हजार ५८४ मत प्राप्त गर्दा प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत पाए । सभापतिमा तीनजनाको उम्मेदवारी परे पनि अन्तिम समयमा थापाको आग्रहमा किशोरसिंह राठौरले उम्मेदवारी फिर्ता लिएका थिए । वरिष्ठ उपसभापतिमा शर्मा र उपसभापति (महिला)मा भुसाल निर्विरोध चयन भए । खुलातर्फ भण्डारी र आचार्य उपसभापतिमा निर्वाचित भएका छन् । समावेशी उपसभापतिमा चौधरी निर्वाचित भएका छन् । उनले एक हजार ७४५ मत पाउँदा निकटतम प्रतिस्पर्धी जीवन परियारले एक हजार ६५८ मत प्राप्त गरे ।

संगठन सञ्चालन, नीति कार्यान्वयन र नेतृत्वसँग समन्वय गर्न प्रमुख भूमिकामा देखिने महामन्त्रीमा प्रदीप पौडेल, उदयशमशेर राणा र डा. डिला संग्रौला निर्वाचित भएका छन् । योसँगै संग्रौला कांग्रेसको पहिलो निर्वाचित महिला महामन्त्री बनेकी छन् ।

कांग्रेसमा सहमहामन्त्रीको पद आठबाट १५ पुऱ्याइएको छ । जसमध्ये चार पदमा सभापतिले मनोनीत गर्न पाउने छन् भने ११ जना निर्वाचित हुने व्यवस्था विधानमा गरिएको छ । १५औं महाधिवेशनबाट खुलातर्फ रामहरि खतिवडा र अजयबाबु शिवाकोटी निर्वाचित भएका छन् । महिलातर्फ सहमहामन्त्रीमा प्रतिमा गौतम निर्वाचित हुँदा आदिवासी जनजातितर्फ बहादुरसिंह लामा तामाङ निर्वाचित भएका छन् ।

### १४औं महाधिवेशनमा को कुन् गुटमा ?

उपभापतिमा निर्वाचित डा. चन्द्र भण्डारी र मधु आचार्य डा. शेखर कोइराला समूहमा थिए । समावेशी उपसभापतिमा निर्वाचित डलर अर्बपति चौधरी देउवा समूहमा थिए । भण्डारी, आचार्य र चौधरी विशेष महाधिवेशनमा गगन समूहमा लागेका हुन् ।

महामन्त्रीमा निर्वाचित प्रदीप कृष्णप्रसाद सिटौला समूहमा र उदयशमशेर देउवा समूहमा सक्रिय थिए । विशेष महाधिवेशनमा पौडेलले महामन्त्री पाउँदा उदयशमशेरले सहमहामन्त्री पद पाएका थिए । यसैगरी सहमहामन्त्रीमा निर्वाचित बहादुरसिंह र योगेन्द्र पनि विशेष महाधिवेशनमा सहमहामन्त्री नै थिए ।

■■■

## सांसद सुनारलाई...

तर, उक्त अभिव्यक्ति सुनारकै हुन् वा होइनन् भन्ने स्वतन्त्र पुष्टि भइसकेको छैन । सुनारले अडियोमा सुनिएको आवाज आफ्नो नभएको र कृत्रिम बुद्धिमत्ता (एआई) लगायत प्रविधिको प्रयोग गरेर बनाइएको दाबी गरेका छन् । पीडित भनिएकी महिलाले पनि अडियोमा बोल्ने व्यक्ति आफू नभएको बताएको समाचार सार्वजनिक भएको छ । यसले प्रकरणलाई थप जटिल बनाएको छ ।

यस्तो अवस्थामा आरोपलाई नै अपराधको प्रमाण मानेर निष्कर्ष निकाल्नु उचित हुँदैन । तर, आरोप पुष्टि नभएको भन्दै अनुसन्धानलाई पार्टीको आन्तरिक प्रक्रियामा मात्र सीमित गर्नु पनि उचित हुँदैन । प्रमाणको सत्यता जाँच्न, अडियोको स्रोत पत्ता लगाउन र सम्बन्धित व्यक्तिको आवाज परीक्षण गर्न स्वतन्त्र अनुसन्धान आवश्यक छ ।

सुनारलाई अनुसन्धान नसकिँदासम्म निलम्बन गर्ने मागको आधार पनि यही हो । जनप्रतिनिधिमाथि गम्भीर आरोप लागेपछि त्यसको निष्पक्ष छानबिन सुनिश्चित गर्नु दलको जिम्मेवारी हो । निलम्बनलाई दोषी ठहर गरेको अर्थमा नभई अनुसन्धानलाई प्रभावरहित बनाउन अपनाइने अस्थायी सांगठनिक उपायका रूपमा लिन सकिन्छ । तर, सांसद पदबाट निलम्बन वा पदमुक्त गर्ने विषयमा प्रचलित कानुन र संसदीय प्रक्रियाको व्यवस्था पनि विचार गर्नुपर्छ ।

रास्वपाले मंगलबार नै सुनारलाई औपचारिक सार्वजनिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिइसकेको छ । तर, कार्यक्रमबाट अलग राख्नु र औपचारिकरूपमा निलम्बन गर्नु फरक विषय हुन् । पार्टीले आफ्नो निर्णयबाट कस्तो सन्देश दिन खोजेको हो भन्ने प्रश्न पनि यहीँ जोडिन्छ ।

तर, प्रहरीसमक्ष औपचारिक उजुरी नपरेकाले विवादित अडियोबारे औपचारिक अनुसन्धान सुरु भएको छ । केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार प्रहरीबाट विषयबारे सूक्ष्मरूपमा बुझ्ने काम भने भइरहेको थियो । 'घटनामा भएको के हो ? अडियोको सत्यापन के हो ? यो सबै बुझ्ने काम भइरहेको छ,' उनले प्रभावसँग भने ।

तर, सार्वजनिकरूपमा गम्भीर आरोप उठिसकेको अवस्थामा प्रहरी उजुरीको प्रतीक्षामामात्र बस्नुपर्ने हो कि उपलब्ध प्रमाणको प्रारम्भिक परीक्षण गरेर कानुनी प्रक्रिया अघि बढाउन सकिन्छ भन्ने प्रश्न उठेको छ ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले पनि अडियोको प्राविधिक परीक्षण गर्नुपर्ने र पीडित भनिएकी महिलालाई विश्वासमा लिएर अनुसन्धान गर्नुपर्ने बताएका छन् । उनका अनुसार डिजिटल फरेन्सिक परीक्षणबाट अडियो एआईबाट बनाइएको हो वा होइन भन्ने जाँच गर्न सकिन्छ । सम्बन्धित व्यक्तिको आवाज हो वा होइन भन्ने पनि प्राविधिकरूपमा परीक्षण गर्न सकिन्छ ।

यसले प्रकरणको सत्यतथ्य पत्ता लगाउन प्रहरीसँग उपलब्ध प्राविधिक क्षमताको उपयोग गर्नुपर्ने देखाउँछ । अडियो वास्तविक हो भने त्यसको स्रोत, संवादमा संलग्न व्यक्ति र सम्भावित कसुरबारे अनुसन्धान हुनुपर्छ । कृत्रिमरूपमा बनाइएको हो भने त्यसको निर्माण र प्रसारमा संलग्न व्यक्तिबारे पनि कानुनअनुसार अनुसन्धान हुन सक्ने मल्ल बताउँछन् ।

■■■

## रास्वपाको...

छानबिन गर्ने निकाय पनि त्यही पार्टीको संरचनाभित्र छ । यस्तो अवस्थामा आयोगले निष्पक्ष काम गरे पनि त्यसको निष्कर्षमाथि बाहिरबाट प्रश्न उठ्ने सम्भावना रहन्छ । दलको अनुशासन आयोगले आफ्नो विधानअनुसार कारबाही गर्न सक्छ । तर, सम्भावित फौजदारी कसुरको अनुसन्धान, डिजिटल प्रमाणको परीक्षण र कानुनी निष्कर्ष निकाल्ने जिम्मेवारी राज्यका निकायको हो । त्यसैले पार्टीले आफ्नै अनुसन्धानलाई प्राथमिकता दिनुभन्दा नेपाल प्रहरीलाई उपलब्ध प्रमाण बुझाएर निष्पक्ष अनुसन्धानमा सहयोग गर्नुपर्छ ।

रास्वपाका प्रमुख सचेतक कबिन्द्र बुर्लाकोटीले पनि राज्यका निकायले कानुनअनुसार अनुसन्धान गर्नुपर्ने बताएका छन् । यसले पार्टीको आन्तरिक छानबिन र राज्यको अनुसन्धान फरक जिम्मेवारी भएको तथ्यलाई स्पष्ट पार्छ । यो प्रकरणमा अडियोको सत्यता जाँच्नु जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण पीडित भनिएकी महिलाको गोपनीयता र सुरक्षा सुनिश्चित गर्नु पनि हो । उनको नाम, तस्बिर वा व्यक्तिगत विवरण सार्वजनिक गरेर दबाब सिर्जना गर्नु हुँदैन । अनुसन्धानका क्रममा उनलाई सुरक्षित वातावरणमा आफ्नो कुरा राख्ने अवसर दिनुपर्छ ।

सुनारले अडियो आफ्नो नभएको दाबी गरेका छन् । त्यसैले उनलाई आफ्नो पक्ष राख्ने र निष्पक्ष अनुसन्धानबाट आरोपको खण्डन गर्ने अवसर दिनुपर्छ । तर, उनको दाबीलाई नै अन्तिम सत्य मान्न पनि मिल्दैन । त्यसको परीक्षण प्रमाणका आधारमा हुनुपर्छ । सार्वजनिक पदमा रहेका व्यक्तिमाथि उठेको गम्भीर प्रश्नको जवाफ पार्टीको आन्तरिक प्रतिवेदनले मात्र दिन सक्दैन । त्यसका लागि स्वतन्त्र, निष्पक्ष र प्राविधिक रूपमा विश्वसनीय अनुसन्धान आवश्यक छ । रास्वपाले सुनारलाई अनुसन्धान नसकिँदासम्म निलम्बन गरेर प्रहरीलाई प्रमाण बुझाउनुपर्ने मागको औचित्य यहीँ छ ।

■■■

## साउदी सरकारको...

दूतावासले कुनै पनि प्रकारका क्षेप्यास्त्र वा ड्रोन आक्रमण र त्यसको प्रतिरक्षाका भिडियो वा फोटो नखिच्न, त्यस्ता घटनाका दृश्यहरू फेसबुक, टिकटक, ह्वाट्सएप वा अन्य कुनै पनि सामाजिक सञ्जालमा सेयर वा पोस्ट नगर्न, सुरक्षित रहन, कानुनी झमेलाबाट बच्न र साउदी कानुनको सम्मान गर्न साउदीस्थित नेपालीहरूलाई आग्रह गरेको छ ।

■■■

## भदौमा भित्रियो...

पदार्थको १२.१४ प्रतिशत, माछा तथा मासुको ७.३४ प्रतिशत, तरकारीको ७.०७ प्रतिशत र मरमसलाको ६.७१ प्रतिशतले बढेको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १२.७७ प्रतिशत, मदिराजन्य पेय पदार्थको ८.८३ प्रतिशत, कपडा तथा जुत्ताचप्पलको ७.०६ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ६.०१ प्रतिशत र सुर्तीजन्य पदार्थको ५.४५ प्रतिशतले बढेको छ ।

समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ६.७८ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ६.१९ प्रतिशतले बढेको छ । प्रदेशगत आधारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी मधेस प्रदेशको ७.४८ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ५.१६ प्रतिशत रहेको छ । भदौमा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२८ प्रतिशत, तराईको ६.८९ प्रतिशत, पहाडको ६.४१ प्रतिशत र हिमालको ५.६९ प्रतिशत रहेको छ ।

### चालु खाता र शोधनान्तर स्थिति बचतमा

समीक्षा अवधिमा चालु खाता एक खर्ब ६९ अर्ब चार करोड रूपैयाँले बचतमा रहेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता एक खर्ब ३० अर्ब ९७ करोड रूपैयाँले बचतमा रहेको थियो ।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ९३ करोड ६७ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा एक अर्ब ११ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा शोधनान्तर स्थिति एक खर्ब ८७ अर्ब ६८ करोड रूपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ५३ अर्ब ६८ करोड रूपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब १० करोड रूपैयाँले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब २३ करोड रूपैयाँले बचतमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

### विदेशी विनिमय सञ्चिति साढे ४० खर्बभन्दा बढी

गत आवको असार मसान्तमा ३८ खर्ब ९७ अर्ब ६७ करोड रूपैयाँ बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ४.३ प्रतिशतले बढेर भदौ मसान्तमा ४० खर्ब ६५ अर्ब ७८ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकले जनाएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति असार मसान्तमा २५ अर्ब ३१ करोड रहेकोमा भदौ मसान्तमा ४.६ प्रतिशतले वृद्धि भई २६ अर्ब ४८ करोड पुगेको छ ।

'चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २०.९ महिनाको वस्तु आयात र १७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ ।


Government of Nepal

Ministry of Infrastructure Development

**Department of Water Supply and Sewerage Management**

**Water Supply and Sewerage Management Office**

Diktel, Khotang

**Invitation for Hard Copy Bids**

**First date of publication:-16th October, 2026 (BS:2083-06-30)**

1. Water Supply and Sewerage management Office, Khotang under Department of Water Supply and Sewerage Management invites bids from eligible bidders for the following works under National competitive Biddings- Single Stage Two Envelope Biddings Procedures.

| S. No. | Contract Identification No. | Description of works | Price of Bid Document NRs. | Bid Security NRs. | Bid Validity Period/ Bid Security Validity Period | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WSSMO/Khotang/NCB/Works/CR/03/2083/84 | Construction of Champadevi 1,2,3 Lift Water Supply Project, Package-2, Okhaldhunga | 20,000.00 | 55,00,000.00 | 90/120 days | 6th November, 2026 12:00 Hours | 6th November, 2026 13:00 Hours |

2. Information regarding bank details for bid document price:
Name of Office: Water Supply & Sewerage Management Office, Khotang; Name of Bank: Rastriya Banijya Bank Ltd.; Revenue Account No: 1000100200010000; Revenue Code No.: 14229; Office code No.: 337050801
3. Further details and relevant documentation can be obtained from Water Supply and Sewerage Management office, Khotang ((Tel:036-420210 ,Email: fwssmpkhotang@gmail.com) during office hour.

Office Chief



**बहराइनमा रोजगार** कम्पनी : BOSS SPA AND SALON

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 348801 चलानी नं. ६०२६२४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 5 | 0 | 100 | ४०,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक ६ गते (23th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०१५/०६८/६९

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945

Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



**युएइमा रोजगार** कम्पनी : MUROOJ AL REEF PLASTER CONT

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 343223 चलानी नं. ६०२५६६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 4 | 0 | 1500 | ६२,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Semi-Skilled) | 6 | 0 | 1500 | ६२,१७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक ६ गते (23rd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1590/079/80

**Fix Job Overseas Pvt. Ltd.**

Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941

E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com



**कतारमा रोजगार** कम्पनी : QATAR INTERNATIONAL TRADING & INVESTMENT

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 349655 चलानी नं. ६०२६२५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FEMALE CLEANER | 2 | 0 | 1000 | ४१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कार्तिक ९ गते (26th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602

(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

श्रम इजाजत नं. १०१९/०६८/०६९



**युएइमा रोजगार** कम्पनी : RUKAN AL WADI BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०६/२८ LT. No. 349203 चलानी नं. ६०२६२३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Concrete Works) | 3 | 0 | 1600 | ६६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 3 | 0 | 1600 | ६६,१९५ | | | | | | | |
| 3 | Building Painter | 2 | 0 | 1600 | ६६,१९५ | | | | | | | |
| 4 | Carpenter - Helpers | 4 | 0 | 1600 | ६६,१९५ | | | | | | | |
| 5 | Steel Fixer (Labour) | 2 | 0 | 1600 | ६६,१९५ | | | | | | | |
| 6 | B/Electrician | 2 | 0 | 1600 | ६६,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कार्तिक ९ गते (26th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०२/०६३/०६४

**STUPA OVERSEAS SERVICES PVT. LTD.**

New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,

Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

# विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद्हरूको जोड

**काठमाडौं (प्रस)–** विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न शिक्षाविद्हरूले जोड दिएका छन् । प्राज्ञिक विद्यार्थी परिषद् नेपालले आयोजना गरेको 'विश्वविद्यालय अनुदान आयोग र नेपालको उच्च शिक्षा' विषयक राष्ट्रिय शिक्षा कार्यशालामा शिक्षाविद्हरूले सो धारणा व्यक्त गरेका हुन् ।

उच्च शिक्षामा विद्यार्थीको पहुँच विस्तार, शिक्षालाई सर्वसुलभ बनाउने र विश्वविद्यालयको गुणस्तर सुधार गर्न विश्वविद्यालयलाई स्वायत्तता कायम राख्न विज्ञहरूले सुझाव दिएका छन् । उच्च शिक्षाका समस्या समाधानका लागि नीतिगत सुधार, अनुसन्धानमा लगानी र विश्वविद्यालयको संस्थागत स्वायत्तता आवश्यक रहेको छ ।

पूर्वाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. विजुकुमार थपलियाले उच्च शिक्षामा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्ने बताए । उनले कमजोर संस्थागत स्वायत्तता, अनुसन्धानमा अपर्याप्त लगानी र नीतिगत निरन्तरताको अभावजस्ता चुनौती औंल्याए ।

विश्वविद्यालयको स्वायत्तता कायम राख्दै त्यसलाई पारदर्शिता, गुणस्तर र परिणामप्रतिको जवाफदेहितासँग जोड्नुपर्ने थपलियाको प्रस्ताव छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका डिन प्रा डा. वेदराज आचार्यले आगामी १० वर्षभित्र उच्च शिक्षा अध्ययन गर्ने उमेर समूहका कम्तीमा ३० प्रतिशतलाई उच्च शिक्षामा समेट्ने लक्ष्य लिनुपर्ने बताए । उनले उच्च शिक्षामा पहुँच विस्तारसँगै शिक्षालाई आर्थिक रूपमा सर्वसुलभ बनाउनुपर्नेमा जोड दिए ।

'शिक्षाको खर्च घटाउने नाममा शिक्षक तथा कर्मचारीको पारिश्रमिक वा शैक्षिक गतिविधिमा हुने खर्च कटौती गर्नु समाधान होइन,' उनले भने । शिक्षाविद् एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा.डा. पुष्करमान बज्राचार्यले मानव स्रोत योजना निर्माणका लागि छुट्टै राष्ट्रिय परिषद् गठन गर्नुपर्ने बताए । डा. बज्राचार्यले उच्च शिक्षामा पहुँच विस्तारसँगै आर्थिकरूपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्तिको दिगो व्यवस्था गर्नुपर्ने बताए । विश्वविद्यालय अनुदान आयोगले गुणस्तरका मापदण्ड निर्धारण, अनुगमन, शैक्षिक सुधारमा सहजीकरण र अनुसन्धानका लागि अनुदान उपलब्ध गराउने भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा बज्राचार्यले जोडदिए ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. तीर्थ खनियाँको अध्यक्षतामा भएको कार्यक्रमको छलफलमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. उपेन्द्र कोइराला, शिक्षाविद् एवं विश्वविद्यालय अनुदान आयोगका पूर्वसदस्य प्रा.डा. गोविन्द नेपाल, विश्वविद्यालय अनुदान आयोगकी सदस्यसचिव प्रा.डा. रोजी श्रेष्ठ, भारतको विश्वविद्यालय अनुदान आयोगका पूर्वसचिव प्रा.डा. मनिष जोशी तथा अमेरिकाको मेरिल्याण्डस्थित मोर्गन स्टेट विश्वविद्यालयका प्राध्यापक एवं शिक्षाविद् प्रा.डा. कृष्ण विष्टलगायत सहभागी थिए ।

# आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्न नयाँ निर्देशिका जारी

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आमा र नवजात शिशुको अधिकार सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्न 'मातृशिशुमैत्री स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन निर्देशिका, २०८३' जारी गरेको छ ।

यसअघि 'स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा अभियान निर्देशिका, २०७३'का कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ निर्देशिका जारी गरिएको मन्त्रालयले बिहीबार प्रेस नोटमार्फत जानकारी दिएको छ ।

नयाँ निर्देशिकाले सुत्केरी र नवजात शिशुका लागि स्वास्थ्य संस्थाले अनिवार्यरूपमा पालना गर्नुपर्ने १०/१० वटा मापदण्ड निर्धारण गरेको छ । अस्पताल तथा स्वास्थ्य संस्थामा मातृशिशुमैत्री सेवा सुनिश्चित गर्दै आमा र नवजात शिशुको स्वास्थ्य, अधिकार र आवश्यकताअनुसार सेवा प्रवाह गर्नु निर्देशिकाको मुख्य उद्देश्य छ ।

निर्देशिका अनुसार प्रश्नवका क्रममा आमाले रोजेको परिवारको सदस्यलाई साथमा रहने व्यवस्था गर्नुपर्ने छ । त्यसले प्रश्नवका बेला आमाको मनोबल बढाउने र बच्चाको सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै, बच्चा जन्मिएपछि नवजात शिशुलाई आमाबाट अलग नराखी आमाकै बेडमा राख्ने र सकेसम्म छिटो स्तनपान गराउने व्यवस्थालाई प्राथमिकता दिइएको छ । निर्देशिकाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रीवितरण नियन्त्रण) ऐन २०४९ को प्रभावकारी कार्यान्वयनमा सहयोग गर्दै आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने वस्तुको बिक्रीवितरण र प्रवर्द्धनलाई नियमन गरी स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोग गर्ने छ ।

सुत्केरी र नवजात शिशु स्वास्थ्य संस्थाबाट 'डिस्चार्ज' भएर घर फर्किएपछि पनि उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिने, आवश्यक परामर्श तथा सहयोग उपलब्ध गराउने र सम्भावित समस्याको पहिचान गर्न स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति 'फोकल पर्सन' तोक्नुपर्ने व्यवस्था गरिएको छ । निर्देशिकाले स्तनपानका लागि अनुकूल वातावरण निर्माण गर्ने र आमालाई आवश्यक सहयोग उपलब्ध गराउने छ । त्यस्तै आमा र नवजात शिशुको स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर सेवा प्रवाह गर्नेमा जोड दिएको छ ।

नयाँ निर्देशिकामार्फत प्रश्नवदेखि सुत्केरीपछिको अवस्थासम्म मातृ तथा नवजात शिशुमैत्री सेवाको निरन्तरता सुनिश्चित गर्दै स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोगलाई थप व्यवस्थित बनाउने लक्ष्य राखिएको छ ।

# पाँच महिनापछि अरूण नदीको सतिघाटमा 'फेरी' सञ्चालन

**भोजपुर–** भोजपुर र संखुवासभालाई जोड्ने अरुण नदीको सतिघाटमा 'फेरी' सेवा सञ्चालन भएसँगै नदी वारपार गर्न सहज हुने भएको छ । यसअघि पक्की पुल नहुँदा आवागमनमा समस्या हुँदै आएकामा पाँच महिनापछि फेरीमा सेवा सञ्चालनमा आएको हो । दसैं, तिहारमा आवागमन सहज बनाउने उद्देश्यले पाँच महिनापछि सेवा सञ्चालनमा आएको हो ।

बर्सात्का कारण गत जेठदेखि बन्द रहेको सतिघाटखण्ड बुधबारदेखि फेरी सञ्चालनमा आएपछि भोजपुरको उत्तरी क्षेत्रका नागरिकलाई आवतजावतमा सहज भएको छ । दसैं, तिहारलगायत चाडपर्वलाई लक्षित गरी सतिघाटमा हलुका सवारीसाधनलाई नदी वारपार गर्न मिल्नेगरी सेवा सञ्चालनमा ल्याइएको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले बताए ।

अरुण नदीको सतिघाटमा पक्की पुल नहुँदा भोजपुर र संखुवासभाका नागरिकलाई आवागमनमा समस्या हुँदै आएको थियो । सेवा सञ्चालनमा आएसँगै उत्तरी क्षेत्रका नागरिकलाई दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न तथा आवतजावत गर्न सहज हुने उनको भनाइ छ ।

आवागमन सञ्चालनमा आएपछि षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिकलाई राहत पुगेको छ । सतिघाटमा पक्की पुल निर्माण नहुँदा सवारीसाधन, यात्रु तथा दैनिक उपभोग्य वस्तु नदी वारपार गराउन फेरीमा निर्भर हुनुपर्ने अवस्था छ । वि.सं. २०७६ देखि फेरी सञ्चालन हुँदै आएको छ । फेरी सञ्चालनले भोजपुरको उत्तरी क्षेत्रका बासिन्दालाई संखुवासभासँग जोडिन तथा दैनिक उपभोग्य वस्तुको ओसारपसार गर्न सहज बनाउँदै आएको छ । *रासस*


## मोटरसाइकल हरायो

मिति २०८३/०६/२५ गते बिहान अन्दाजी ११ बजे महालक्ष्मी-४, कमलपोखरी, ललितपुरस्थित सडक किनारमा पार्किङ गरि राखेको २२० सिसि पल्सर रातो/कालो मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी: सम्भु पहडी**
**ठेगाना: गोदावरी-४ बडिखेल, ललितपुर**
**बाइक नं. :बा.प्र.०२-०६२ प ७१०३**
**च्यासिस नं.:** MD2A13EX8SCE86225
**इन्जिन नं.:** DKXCSD33991
**सम्पर्क नं.: ९८५११३९०३७**



## अर्थ कवच बहुउश्यीय सहकारी संस्था लि.

**सल्लाघारी, तीनकुने भक्तपुर फोन नं. ६६१६१३४/६६२०८७५**

**तपसिल उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०६/३० गते**

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले आफ्नो व्यवसाय सञ्चालन गर्न उपभोग गरेको सामूहिक जमानी कर्जा सुविधाको यस संस्थासँग गरेको सम्झौता बमोजिम संस्थासँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गरेको र संस्थाको नियमअनुसार पठाएको ३५ दिने, १५ दिने र ७ दिने पत्र बुझेर पनि कुनै चासो नदेखाएको र संस्थाको कर्जा चुक्ता गर्नेतर्फको कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लेखित ऋणीको नाममा ऋण कर्जा चुक्ता गर्ने यो **३५ (पैतिस) दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **(३५ पैतिस) दिन** भित्रमा आफूले उपभोग गरेको ऋणकर्जा पूर्णरूपले भुक्तान गर्नु होला । अन्यथा यस संस्थालाई कर्जाको संरक्षण वापत राखिएको सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकारको प्रयोग गरी लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाले आफ्नो लेना असुलउपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत साक्षी, धन जमानीकर्ता तथा सम्बन्धित अन्य सबैलाई जानकारी गराइन्छ । ऋण असुलीको अन्य प्रक्रियाहरूका लागि तपाईको ठेगाना भएको सम्बन्धित वडा कार्यालय भक्तपुर नगरपालिका हुँदै अन्ततः सहकारी कर्जा असुली न्यायधिरण, कर्जा सूचना केन्द्रमा लगायतका निकायमा समेत संस्था जान बाध्य हुने र त्यसबाट तपाईलाई पर्न सक्ने समस्याप्रति तपाई आफैं जिम्मेवार हुनुपर्ने व्यहोरा समेत यही सूचना मार्फत जानकारी गराइन्छ । साथै तपाईहरूले धितो सुरक्षणमा रहेको सम्पत्तिबाट संस्थाको कर्जा चुक्ता नभएको खण्डमा तपाई ऋणी तथा एकाघरबाट समेत कर्जा असुल उपर अन्य आवश्यक कानुनी प्रक्रिया सुरु गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**तपसिल**

| | |
|---|---|
| **ऋणीको विवरण**<br>नाम : श्याम सून्दर नगरकोटि<br>बाजेको नाम : कृष्ण बहादुर नगरकोटि<br>बुबाको नाम : जूठे नगरकोटि<br>श्रीमतिको नाम :करूण नगरकोटि<br>ना.प्र. न : १२८९४<br>नागरिकता जारी जिल्ला : भक्तपूर, गुण्डु<br>मिति : २०६०/०४/२३ |  |
| **धन जमानी विवरण**<br>नाम : करूणा नगरकोटि<br>ससुराको नाम : जूठे नगरकोटि<br>बुबाको नाम : कुमार नगरकोटि<br>ना. प्र. न : २९-०१-०६९-०३२८१<br>नागरिकता जारी जिल्ला : भक्तपुर(गुण्डु<br>मिति : २०६९/०६/२९ |  |
| **धन जमानी विवरण**<br>नाम : जूठे नगरकोटि<br>बाजेको नाम : मान बहादुर नगरकोटि<br>बुबाको नाम :कृष्ण बहादुर नगरकोटि<br>ना. प्र. नः १३०-०३४-३५<br>नागरिकता जारी जिल्ला : भक्तपुर, गुण्डु<br>मिति : २०३४/०४/३० |  |

**कर्जा–उपसमिति**

**तपसिल**

| | |
|---|---|
| **ऋणीको विवरण**<br>नाम : सन्तोषी वानीया<br>बाजेको नाम : समर बहादुर न्यौपाने<br>बुबाको नामः कान्छवो न्यौपाने<br>श्रीमान्को नामः पुकार बानिया<br>ना. प्र. न : २९(०१(०६९(००७२९<br>नागरिकता जारी जिल्ला /मिति :<br>भक्तपुर,२०६९/०२/१८ |  |
| **धन जमानी विवरण**<br>नाम : कमला मोक्तान<br>बाजेको नामःनजरमान योन्जन<br>बुबाको नाम : करम बहादुर मोक्तान<br>श्रीमान्को नामः धन दोंजे मोक्तान<br>ना.प्र नंः ४९/३२३३३<br>नागरिकता जारी जिल्लाः मकवानपुर<br>मितिः २०६२/११/१५ |  |

**तपसिल**

| | |
|---|---|
| **ऋणीको विवरण**<br>नामः कृष्ण कर्मचार्य<br>बाजेको नाम : बुद्दि नन्दन कर्मचार्य<br>बुबाको नाम. बासुदेव नन्दन कर्मचार्य<br>ना.प्र न : २५/२४०<br>नागरिकता जारी जिल्लाः मकवानपुर<br>मिति : २०५४/११/१७ |  |
| **धन जमानी विवरण**<br>नामः कृष्णा श्रेष्ठ<br>बाजेको नामः लाल बहादुर श्रेष्ठ<br>बुबाको नाम.: श्याम बहादुर श्रेष्ठ<br>ना. प्र.नं. ३१ १८/०५३<br>नागरिकता जारी जिल्ला /<br>मितिः मकवानपुर, २०५३/०४/१६ |  |
| **साक्षी विवरण**<br>नामः: अदिल उदास<br>बाजेको नामः दिल बहादुर उदास<br>बुबाको नाम.: शिव बहादुर उदास<br>ना.प्र.नं. ३५७/१२३<br>नागरिकता जारी जिल्ला/<br>मितिः भोजपुर,२०४४/१२/३० |  |

**तपसिल**

| | |
|---|---|
| **ऋणीको विवरण**<br>नामः भिमसेन प्रजापति<br>बाजेको नामः देव शंकर प्रजापति<br>बुबाको नामः जगत शंकर प्रजापति<br>ना.प्र.नं. २४९४४<br>नागरिकता जारी जिल्ला/<br>मितिःभक्तपुर,२०५६/०८/२२ |  |
| **धन जमानी विवरण**<br>नामः: मिलन श्रेष्ठ<br>बाजेको नामः जोक प्रसाद श्रेष्ठ<br>बुबाको नाम : इन्द्र प्रसाद श्रेष्ठ<br>ना. प्र. न :७९३४<br>नागरिकता जारी जिल्ला /मितिः भक्तपुर |  |
| **साक्षी विवरण**<br>नाम : सरिता महर्जन<br>ससुराको नामः जगत शंकरप्रजापति<br>बुबाको नाम.: छोल बहादुर महर्जन<br>ना. प्र. न :५०४५<br>नागरिकता जारी जिल्ला<br>मिति : भक्तपुरु, २०५९/०९/०२ | |
| **ऋणीको विवरण**<br>नाम : कमला मोक्तान<br>बाजेको नाम : नजरमान योन्जन<br>बुबाको नाम.: मान बहादुर तामाङ<br>श्रीमानको नामः धन दोंजे तामाङ<br>ना. प्र. नं:४९/३२३३३<br>नागरिकता जारी जिल्ला /<br>मिति : मकवानपुर,२०६२/११/१५ |  |
| **धन जमानी विवरण**<br>नाम : धन दोंजे मोक्तान<br>बाजेको नामः वजार सिंह मोक्तान<br>बुबाको नाम : करम बहादुर मोक्तान<br>नागरिकता जारी जिल्ला<br>मितिः मकवानपुर |  |
| **धन जमानी विवरण**<br>नाम : सन्तोषी वानीया<br>बाजेको नाम : समर बहादुर न्यौपाने<br>बुबाको नामः कान्छवो न्यौपाने<br>श्रीमान्को नामः पुकार बानिया<br>ना. प्र. न : २९–०१–०६९–००७२९<br>नागरिकता जारी जिल्ला/<br>मिति : भक्तपुर,२०६९/०२/१८ |  |



## Kalikamai Rural Municipality
**Office of Rural Municipal Executive**
**Hariharpur Birta, Parsa, Madhesh Province**

**Notice of Invitation For Bid**

**First Date of Publication: 2083/06/30 (16th Oct 2026)**

1. Kalikamai Rural Municipality, Parsa Invites Physical Bids From eligible bidders for the following work Under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period/ Security | Bid Security Amount | Last date of Bid Document Purchase | Last date of Bid Submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1. | 1/KM/NCB/ WORK/ 2083/84 | Construction of Administrative Building of Kalikamai Rural Municipality, Hariharpur Birta | 90/120 days | 1,500,000.00 | 5th Nov, 2026 5:00 PM | 6th Nov, 2026 12:00 | 6th Nov, 2026 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Kalikamai Rural Municipality Office, Parsa or visit our website www.kalikamaimun.gov.np.



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation 2. Reception Documentation 3. PRO 4. Manager

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा ५ (पाँच) वर्ष अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

- तलवः योग्यता तथा अनुभवअनुसार Negotiable
- आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. १०१५/०६८/६९

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : MAJESTIC SHINE BUILDING MAINTENANCE S.P.S- L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349300 | चलानी नं. ६०२६२४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 2 | 0 | 1500 | ६२,१७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrecian | 2 | 0 | 1500 | ६२,१७७ | | | | | | | |
| 3. | Mason, Painter, Plumber | 2 | 0 | 1500 | ६२,१७७ | | | | | | | |
| 4. | Carpenter | 2 | 0 | 1500 | ६२,१७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८३ कात्तिक ६ गते (23th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## कुवेतमा रोजगार

कम्पनी :AL AMEERI HOLDING GROUP CO. | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०६/२९ | चलानी नं.: ६०२६२४२३ | LT.No.: 349224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 7 | 160 | ७८,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Cook | 15 | 0 | 160 | ७८,१६५ | | | | | | | |
| 3 | Waiter/Waitress | 5 | 0 | 160 | ७८,१६५ | | | | | | | |
| 4 | Cleaner/Helper | 15 | 0 | 110 | ५३,७३८ | | | | | | | |
| 5 | Sales Persons | 0 | 5 | 180 | ८७,९३६ | | | | | | | |
| 6 | driver (light duty) | 5 | 0 | 150 | ७३,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक ९ गते (26th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## युएइमा रोजगार

कम्पनी : Ocean Rubber Factory L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349355 | चलानी नं. ६०२६२५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 12 | 0 | 1200 | ४९,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | electrecian | 1 | 0 | 1500 | ६२,०५८ | | | | | | | |
| 3 | Turner | 2 | 0 | 1500 | ६२,०५८ | | | | | | | |
| 4 | MACHINING(MILLING MACHINE OPERATOR) | 1 | 0 | 1500 | ६२,०५८ | | | | | | | |
| 5 | Assist. Welder | 6 | 0 | 1200 | ४९,६४६ | | | | | | | |
| 6 | ASSIST. ELECTRICIAN | 5 | 0 | 1200 | ४९,६४६ | | | | | | | |
| 7 | FACTORY MACHINE OPERATOR | 5 | 0 | 1500 | ६२,०५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक ९ गते (26th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



## युएइमा रोजगार

कम्पनी : Minerwa Aluminiun & Glass/L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349351 | चलानी नं. ६०२६२५२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EAD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fabricator | 4 | 0 | 1500 | ६२,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Instail Worker | 2 | 0 | 1500 | ६२,०५८ | | | | | | | |
| 3 | Aluminum Fitter | 3 | 0 | 1500 | ६२,०५८ | | | | | | | |
| 4 | Messenger | 1 | 0 | 1000 | ४१,३७२ | | | | | | | |
| 5 | Carpenter | 1 | 0 | 1500 | ६२,०५८ | | | | | | | |

कम्पनी : KAPILA KASHYAP TECHNICAL SERICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349352 | चलानी नं. ६०२६२५३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Painter | 6 | 0 | 1200 | ४९,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Bond Metal Fabrication L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349884 | चलानी नं. ६०२६२५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ast Welder | 6 | 0 | 1200 | ४९,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मिति २०८३ कात्तिक ६ गते (23rd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## जापानमा रोजगार

कम्पनी : CHUBU.INDUSTRIAL.COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 348959 | चलानी नं. ६०२६२५१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD PREPARE MEAL | 0 | 15 | 207306 | १,९९,४७६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ कात्तिक ११ गते (28th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ई.नं. १६१९/०७९/८०

**MEIHOKU OVERSEAS PVT.LTD.(Allied International Manpower Pvt.ltd.)**
Kumaripati-19, Lalitpur, Nepal, Tel: +977-1-5407555, 9800986222 Manjil Shrestha, +977 984-3992726- Avinash Bhandari Email: alliedintl1619@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सरकारमाथि संसदीय समितिको स्वागतयोग्य 'क्रस चेक'

**दुईतिहाइको सरकारका सिफारिसहरू सितिमिति न राष्ट्रपतिले अस्वीकृत गर्न सक्छ न त संसदीय समितिले । बुधबार भने संसदीय समितिले प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले गरेको राजदूत सिफारिसमा 'क्रस चेक' गऱ्यो । विभिन्न १३ देशका लागि प्रस्तावित राजदूतको नाम असोज २ गते सरकारले संसदीय सुनुवाइका सिफारिस गरेको थियो । यीमध्ये १० देशका लागि प्रस्तावित राजदूतको नाम सर्वसम्मत सिफारिस हुँदा तीन देशको राजदूत भने सिफारिस हुन सकेन ।**

**मलेसियाका लागि प्रस्तावित राजदूत चुडामणि खरेल र साउदी अरबका लागि प्रस्ताविक राजदूत गिरीबहादुर सुनारको नाम सर्वसम्मतिले अस्वीकृत भयो । जापानका लागि प्रस्तावित राजदूत जिज्ञानबहादुर श्रेष्ठको नाम भने 'होल्ड'मा राखिएको छ । साउदीमा राजदूतका लागि सिफारिस गरिएका सुनार महिलामाथिको घरेलु हिंसामा मुछिएका थिए भने मलेसियामा राजदूतका लागि सिफारिस गरिएका खरेलमाथि आर्थिक अनियमितताको आरोप लागेको थियो । मलेसिया र साउदी दुवै देश नेपालबाट धेरै श्रमिक जाने मुलुकमध्येमै पर्छ । यी मुलुकमा राजदूत बनेर जान धेरैले मरिहत्ते गर्छन । यसैगरी जापान पनि धेरैको रोजाइमा पर्छ ।**

**यस्ता मुलुकका लागि सरकारले नै छानेका उम्मेदवार पक्कै पनि योग्य हुनुपर्ने हो । तर संसदीय सुनुवाइ समितिले यसको खरो परीक्षण गऱ्यो र दुई जनालाई अयोग्य ठहर गरिदियो । सामान्यतः संसदीय समितिको काम सरकारको बचाउ गर्नु हुन्छ । १५ सदस्यीय संसदीय सुनुवाई समितिमा सभापति बोधनारायण श्रेष्ठसहित आठ जना सत्तारुढ दलका सांसद छन् । तर सत्तारुढ दलकै सांसदहरूले खरो रूपमा प्रश्न उठाएसँगै दुई जना राजदूत बन्नबाट बञ्चित भए ।**

**लरतरो मानिने संसदीय व्यवस्था यो पटक भने संसदीय समितिले बलियो भनेर साबित गरिदिने खालको निर्णय गरेको छ । यसले संसदमाथि जनताको विश्वास बढाएको छ भने संसद्माथि उत्तरदायी नभइरहेको सरकारलाई पनि क्रस चेकको सम्भावना बलियो बनाएको छ । दुईतिहाइ नजिकको वालेन्द्र नेतृत्वको सरकारले अहिले संसद्लाई नटेरेको अवस्था छ । यस्तो अवस्थामा सरकारलाईसमेत झस्काउनेगरी आएको यो निर्णयको चौतर्फी प्रशंसा पनि सुरु भएको छ । लोकतन्त्रमा विधिको शासन हुनुपर्छ । सरकारले गरेका हरेक काममा सही धस्काउनेमात्र काम संसदीय समितिको हैन । यसलाई सही तरिकाले मूल्यांकन गर्नु संसदीय समितिको कर्तव्य हो ।**

**देशका लागि आवश्यक गुणस्तरीय नीति बनाउने यी समितिहरूले हरेक विषयमा सोचविचार गर्दै क्रस चेक गर्नु अहिलेको आवश्यकता हो । यसले संसदीय व्यवस्थाप्रति विश्वास बढाउनुका साथै जनताप्रति जिम्मेवारसमेत बनाउन सघाउँछ ।**

# सृष्टिमा होइन, दृष्टिमा हुन्छ दोष



■ डा. तेजबहादुर कार्की

"
प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो । नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन । यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ । हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौं भन्दैमा त्यो प्रकृति खराब हुँदैन । कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ । हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौं ।

प्रकृतिले सिर्जना गरेका हरेक वस्तु, जीव र संरचना आफ्नै विशेषता, सौन्दर्य र अस्तित्व बोकेर आएका हुन्छन् । हिमालको उचाइ, नदीको प्रवाह, वनको हरियाली, मरुभूमिको शुष्कता, फूलको रङ, चराको स्वर र मानव जीवनको विविधता सबै प्रकृतिका अनुपम सिर्जना हुन् । प्रकृतिले कुनै वस्तुलाई अनावश्यक वा निरर्थक ठानेर सिर्जना गरेको हुँदैन । तर, हामीमध्ये धेरैले कुनै वस्तु वा परिस्थितिलाई आफ्नो अपेक्षा, आवश्यकता र स्वार्थको चस्माबाट हेर्ने गर्छौं । त्यसैले कहिलेकाहीँ समस्या सृष्टिमा नभएर हाम्रो दृष्टिमा रहेको हुन्छ ।

एउटै पहाड कसैका लागि अवरोध हुन सक्छ भने कसैका लागि पर्यटनको अधिक सम्भावना । एउटै नदी कसैका लागि बाढीको जोखिम हुन सक्छ भने कसैका लागि जीवन, ऊर्जा र सभ्यताको आधार पनि । जंगल कसैलाई उजाडेर खाली जमिन बनाएर बस्ती बसाल्नुपर्ने जस्तो लाग्न सक्छ भने कुनै अर्कोका लागि त्यही जंगल असंख्य जीवको घर, पानीको स्रोत र पृथ्वीको प्राणवायुको संरक्षक हुन सक्छ । वस्तु एउटै हो, तर त्यसलाई हेर्ने दृष्टिकोण फरक छ । यही फरक दृष्टिले हाम्रो बुझाइ, व्यवहार र निष्कर्षको निर्धारण गर्ने गर्दछ ।

हामी प्रायः प्रकृतिलाई आफूअनुकूल बनाउन खोज्छौं । नदी आफ्नो बाटोमा बगेको हामीलाई मन पर्दैन, त्यसलाई बाँधेर आफ्नो आवश्यकता पूरा गर्न चाहन्छौं । वन आफ्नै स्वरूपमा रहँदा हामीलाई पर्याप्त उपयोगी नलाग्न सक्छ, त्यसैले काठ, जमिन वा अन्य स्रोतका रूपमा प्रयोग गर्न खोज्छौं । पहाडलाई प्राकृतिकरूपमा छोड्नुको सट्टा सडक, भवन, खानी वा अन्य पूर्वाधारका लागि काट्न थाल्छौं । समुद्र, नदी, हिमाल, वन र जमिनलाई प्रकृतिका स्वतन्त्र अस्तित्वका रूपमा भन्दा आफ्नो आवश्यकता पूरा गर्ने साधनका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएको छ ।

प्रकृतिको उपयोग मानवीय स्वभाव हो, आफैंमा गलत होइन । किनभने मानव सभ्यताको विकास पनि प्रकृतिसँगको सहकार्य र प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोगबाटै सम्भव भएको हो । समस्या त्यतिबेला सुरु हुन्छ, जब उपयोग र दोहनबीचको सीमा मेटिन्छ । जब हामी प्रकृतिलाई आफ्नो इच्छाअनुसार चल्नुपर्ने वस्तु ठान्छौं, तब प्रकृतिले आफ्नो स्वाभाविक नियमअनुसार प्रतिक्रिया दिँदा हामी त्यसलाई दोष दिन थाल्छौं । बाढी आयो भने हामी नदीलाई दोष दिन्छौं, तर नदीको प्राकृतिक बहाव क्षेत्र मिचेर बनाइएका संरचनाबारे सोच्दैनौं । पहिरो गयो भने पहाडलाई दोष दिन्छौं, तर अनियन्त्रित सडक निर्माण, वन विनाश र भू-उपयोगको गलत अभ्यासबारे प्रश्न गर्दैनौं । गर्मी बढ्यो भने मौसमलाई दोष दिन्छौं, तर वन विनाश, प्रदूषण र अत्यधिक प्राकृतिक स्रोत दोहनमा आफ्नो भूमिका खोज्दैनौं । यसरी हामी आफ्ना कर्मको परिणामलाई स्वीकार गर्नुको सट्टा सृष्टिलाई दोष दिएर आफूलाई निर्दोष देखाउने प्रयास गर्छौं ।

वास्तवमा प्रकृति हाम्रो इच्छा पूरा गर्ने सेवक होइन । प्रकृति आफ्नै नियम, सन्तुलन र प्रक्रियामा चल्छ । हामीले त्यसलाई बुझ्न र त्यससँग अनुकूल भएर अघि बढ्नुपर्छ । प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्ने सोच आवश्यक छ । मानव जीवनमा पनि यही कुरा लागू हुन्छ । हामी मानिसलाई पनि आफ्नो दृष्टिकोणअनुसार सुन्दर वा कुरूप, सक्षम वा कमजोर, सफल वा असफल भनेर वर्गीकरण गर्छौं । कसैको शारीरिक रूप हाम्रो सौन्दर्यको मापदण्डसँग मेल खाएन भने हामी उसलाई कम सुन्दर ठान्छौं । कसैको जीवनशैली हाम्रो सोचभन्दा फरक भयो भने उसलाई गलत ठान्छौं । फरक क्षमता भएको व्यक्तिलाई समाजले कहिलेकाहीँ उसको क्षमताभन्दा उसको सीमाबाट चिन्ने गर्छ । यहाँ पनि समस्या व्यक्तिमामात्र होइन, उसलाई हेर्ने हाम्रो दृष्टिकोणमा हुन्छ ।

सौन्दर्यको कुनै एउटै विश्वव्यापी मापदण्ड हुँदैन । हिमालको सौन्दर्य समुद्रको सौन्दर्यजस्तो हुँदैन, फूलको सौन्दर्य रूखको सौन्दर्यजस्तो हुँदैन र नदीको सौन्दर्य तालको जस्तो हुँदैन । त्यसैले त प्रत्येक मानिसको आफ्नै विशेषता हुन्छ । विविधता नै प्रकृतिको सौन्दर्य हो । यदि संसारमा एउटै रङ, एउटै आकार, एउटै आवाज र एउटै प्रकारका मानिसमात्र हुन्थे भने सृष्टि कति नीरस हुन्थ्यो होला ! तर आधुनिक समाजमा हामीले सौन्दर्यलाई पनि बजार र स्वार्थसँग जोड्न थालेका छौं । प्राकृतिक वस्तुमा पनि मूल्यको हिसाब खोज्छौं । कुनै स्थान सुन्दर छ भने त्यसलाई पर्यटनको व्यापारसँग जोड्छौं । कुनै वनमा मूल्यवान् स्रोत छ भने त्यसलाई आर्थिक लाभसँग जोड्छौं । कुनै नदीबाट विद्युत् उत्पादन हुन सक्छ भने त्यसको प्राकृतिक अस्तित्वभन्दा आर्थिक सम्भावनालाई प्राथमिकता दिन्छौं । प्रकृतिको मूल्य केवल त्यसबाट कति पैसा कमाउन सकिन्छ भन्ने आधारमा मापन गर्न थाल्यौं भने हामीले प्रकृतिको वास्तविक मूल्य बुझ्न सक्दैनौं ।

प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो । नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन । यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ । हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौं भन्दैमा त्यो प्रकृति खराब हुँदैन । कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ । हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौं । मौसम आफूअनुकूल होस्, मानिस आफूअनुकूल व्यवहार गरून्, प्रकृति आफूले चाहेको रूपमा उपलब्ध होस् र परिस्थितिले सधैँ हाम्रो पक्षमा काम गरोस् भन्ने अपेक्षा राख्छौं । तर जीवन र प्रकृतिको आफ्नै गति हुन्छ । हाम्रो इच्छालेमात्र संसार चल्दैन ।

त्यसैले परिवर्तन गर्नुपर्ने पहिलो कुरा सृष्टि होइन, दृष्टि हो । यदि हामीले प्रकृतिलाई उपभोगको वस्तु होइन, सहयात्रीका रूपमा हेर्न थाल्यौं भने हाम्रो व्यवहार बदलिन्छ । यदि मानिसलाई उसको बाहिरी रूप, सम्पत्ति वा सामाजिक हैसियतबाट होइन, उसको मानवीय मूल्यबाट हेर्न थाल्यौं भने समाज बदलिन्छ । अनि फरकपनलाई कमजोरी होइन, विविधताको रूपमा बुझ्न थाल्यौं भने सम्बन्धहरू अझ सुन्दर हुन्छन् ।

दृष्टिकोण परिवर्तन भएपछि त्यही संसार फरक देखिन्छ । वर्षामा कसैले हिलो र असुविधा देख्न सक्छ, अर्कोले जीवन दिने पानी देख्न सक्छ । शरद्को सुक्खा पातमा कसैले अन्त्य देख्न सक्छ, अर्कोले नयाँ जीवनका लागि प्रकृतिको तयारी देख्न सक्छ । पहाडको कठिन बाटोमा कसैले समस्या देख्न सक्छ, अर्कोले सम्भावना र साहस देख्न सक्छ । त्यसैले संसार सधैँ हामीले हेरेजस्तो मात्र हुँदैन; हामीले जसरी हेर्छौं, संसारको अर्थ पनि त्यसैअनुसार निर्माण हुन्छ ।

हाम्रो सभ्यताको भविष्य पनि यही दृष्टिकोणमा निर्भर छ । प्रकृतिमाथि प्रभुत्व जमाउने अहंकारले हामीलाई दीर्घकालीन संकटतर्फ लैजान सक्छ । प्रकृतिसँग सहअस्तित्वको दृष्टिले भने दिगो विकासको बाटो खोल्न सक्छ । विकासको अर्थ प्रकृतिलाई नष्ट गरेर संरचना थप्नुमात्र होइन, प्रकृतिको अस्तित्व जोगाउँदै मानव आवश्यकताबीच सन्तुलन कायम गर्नु पनि हो ।

अन्ततः सृष्टिले हामीलाई विविधता दिएको छ, हामीले त्यसमा अर्थ खोज्ने दृष्टि पाएका छौं । त्यसैले सृष्टिको हरेक सिर्जनामा दोष खोज्नुभन्दा पहिले आफ्नो दृष्टिकोणलाई हेर्न आवश्यक छ । हामीले आफ्नो स्वार्थअनुकूल प्रकृतिलाई प्रयोग गर्न खोज्यौं, प्रकृतिले हाम्रो इच्छा पूरा गरेन भने त्यसलाई दोष दियौं भने दोष प्रकृतिको होइन, हाम्रो सोचको हुन सक्छ । प्रकृतिले आफ्नो काम गरिरहेकै हुन्छ । फूल फूलेकै छ, नदी बगेकै छ, हिमाल आफैं उभिएकै छ, वन हुर्किएकै छ, ऋतुहरू फेरिइनै रहेका छन् । त्यसैले त चराचर जगतको जीवन निरन्तर अगाडि बढेको छ । प्रश्न यतिमात्र हो- हामी यो सब जीवन र जगतलाई कसरी हेर्छौं । *रासस*

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

## पाठक मञ्च

# मेलाको प्रचार र बेरोजगारीको तीतो यथार्थ

हालै युवा, श्रम तथा रोजगार मन्त्रालयद्वारा कोशी प्रदेशको इटहरीमा आयोजित 'सीप तथा रोजगार मेला' सम्बन्धी समाचार र यसका उपलब्धिहरूप्रति मेरो गम्भीर ध्यानकृष्ट भएको छ । असोज १४ देखि २० गतेसम्म सञ्चालित उक्त मेलामा करिब ४० हजार ९२६ जना युवाहरूले उत्साहजनक रूपमा सहभागिता जनाउनु र त्यसमध्येबाट करिब एक हजार युवाले रोजगारी पाउनु वा रोजगारीको प्रक्रियामा जोडिनु प्रारम्भिक दृष्टिमा सकारात्मक कदम मान्न सकिन्छ । लामो समयदेखि रोजगारीको खोजीमा भौतारिएका युवाहरूका लागि रोजगारदाता, तालिम प्रदायक र काम खोज्नेहरूलाई एउटै मञ्चमा ल्याएर प्रत्यक्ष अन्तर्वार्ता तथा करिअर परामर्श दिने प्रयास आफैंमा सराहनीय छ ।

तर, यस मेलाका तथ्यांकहरूलाई अलि गहिरिएर विश्लेषण गर्ने हो भने हाम्रो श्रमबजारको दुरुह र तीतो यथार्थ छर्लंग हुन्छ । मेलामा सहभागी भएका ४० हजारभन्दा बढी युवामध्ये मेलास्थलबाटै केवल ७३७ जनाले मात्र रोजगारी पाएका छन् । यसको सीधा अर्थ हुन्छ- मेलामा पुगेका प्रत्येक १०० जना युवामध्ये जम्मा दुई जनालेमात्र रोजगारी पाउन सफल भए । बाँकी ९८ प्रतिशत युवाहरू पुनः निराशा र अन्योल बोकेर घर फर्कनुपऱ्यो ।

सरकारले आगामी 'रोजगार प्रवर्द्धन दशक (२०८३/८४-२०९२/९३)' अन्तर्गत देशभर एक लाख युवालाई रोजगारी दिने र वैदेशिक रोजगारीलाई 'बाध्यता होइन, विकल्प' बनाउने लक्ष्य राखेको छ । तर, इटहरी मेलाको यो उपलब्धि र नतिजाले सरकारको लक्ष्य र यथार्थबीच ठूलो दूरी रहेको स्पष्ट पार्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को प्रतिवेदनले औंल्याएझैं नेपालको श्रमबजारमा युवा बेरोजगारी, अनौपचारिक रोजगारी, न्यून रोजगार र सबैभन्दा महत्त्वपूर्ण कुरा 'सीपको माग र आपूर्तिबीचको असन्तुलन' मुख्य समस्याका रूपमा रहेको छ । इटहरीको मेलामा एआई तालिम, बारिस्टा, एसी मर्मत, डिजिटल मार्केटिङजस्ता १० वटा विधामा परामर्श र तालिम प्रदान गरिए पनि उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरूलाई वास्तवमा कस्तो सीपयुक्त जनशक्ति चाहिएको छ र हाम्रा युवाहरूसँग कस्तो सीप छ भन्ने कुराको तादात्म्य मिल्न सकेको छैन । बजारको मागअनुसारको व्यावहारिक र गुणस्तरीय सीपको अभावमा हजारौं शिक्षित युवाहरू बेरोजगार बन्न पुगेका छन् ।

पछिल्ला वर्षहरूको तथ्यांक हेर्दा देशको स्थिति झनै भयावह देखिन्छ । स्वदेशमा रोजगारी नपाएर वा यहाँको कमाइले परिवारको जीवनयापन चलाउन कठिन भएर प्रत्येक वर्ष करिब आठ लाख युवा वैदेशिक रोजगारीका लागि मरुभूमि र विदेशी भूमिमा पसिना बगाउन बाध्य छन् । स्थानीय तहका रोजगार केन्द्रहरूमामात्रै साढे सात लाखभन्दा बढी बेरोजगार युवाहरू सूचीकृत हुनुले देशमा विद्यमान बेरोजगारीको विकराल रूपलाई संकेत गर्दछ । यस्तो अवस्थामा केवल ६-७ दिने मेला आयोजना गरेर वा सञ्चारमाध्यममा प्रचारबाजी गरेरमात्र लाखौं युवाको बेरोजगारी समस्या समाधान हुन सक्दैन ।

मन्त्रालयले हाल 'राष्ट्रिय रोजगार नीति-२०८३' को मस्यौदा तयार पारिरहेको र झापा तथा विराटनगरका रोजगार कार्यालयहरूमार्फत निरन्तर काम भइरहेको जनाएको छ, जुन स्वागतयोग्य छ । यद्यपि, मेलालाई एउटा औपचारिक कार्यक्रममामात्र सीमित नराखी साँच्चै प्रभावकारी बनाउने हो भने सरकारले देहायका विषयहरूमा गम्भीरतापूर्वक ध्यान दिनु आवश्यक छः

**१) उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धिः**

केवल सेवा क्षेत्र वा अल्पकालीन रोजगारीमा आधारित भएर दिगो रोजगार सिर्जना हुँदैन । कृषि, उद्योग, जलविद्युत् र पूर्वाधार विकासजस्ता उत्पादनमूलक क्षेत्रमा राज्य र निजी क्षेत्रको लगानी बढाउनुपर्छ ।

**२) सीप विकास र उद्योगको प्रत्यक्ष सम्बन्धः**

सिटिइभिटीलगायतका तालिम प्रदायक संस्थाहरूले दिने तालिमलाई उद्योग र बजारको वास्तविक मागसँग प्रत्यक्ष जोड्नुपर्छ । सैद्धान्तिक ज्ञानभन्दा पनि बजारमा तुरुन्त बिक्ने व्यावहारिक र प्रविधियुक्त सीप (जस्तैः एआई, डिजिटल प्रविधि, प्राविधिक निर्माण आदि) मा जोड दिनुपर्छ ।

**३) रोजगार कार्यालयहरूको सबलीकरणः**

मेला सकिएपछि पनि स्थानीय तह र प्रदेशस्तरका रोजगार सूचना केन्द्रहरूलाई प्रभावकारी बनाई दैनिकरूपमा रोजगारदाता र रोजगारदाता खोजी गर्ने युवाबीच पुलको काम गर्ने संयन्त्र बनाउनुपर्छ ।

**४) युवा उद्यमीलाई प्रोत्साहन र सहुलियतः**

रोजगारी खोज्नेमात्र होइन, रोजगारी सिर्जना गर्ने युवाहरूलाई सस्तो ब्याजदरमा ऋण, प्रविधि र बजारको व्यवस्था गरेर स्वदेशमै उद्यमशीलताको वातावरण बनाउनुपर्छ ।

अन्त्यमा, कोशी प्रदेशको इटहरीबाट सुरु भएको यो रोजगार मेला अन्य प्रदेशहरूमा विस्तार गर्ने सरकारको योजना राम्रो भए पनि यसलाई कार्यशैली र नतिजाका हिसाबले थप परिमार्जित गर्नुपर्छ । प्रचारमुखी र सांख्यिकीय उपलब्धिमामात्र रमाउनुको सट्टा स्वदेशमै स्वाभिमानीपूर्वक काम गरेर बाँच्न पाउने वातावरण निर्माण गर्नु आजको मुख्य आवश्यकता हो । सरकार, निजी क्षेत्र र शैक्षिक संस्थाहरू मिलेर ठोस रणनीति नबनाएसम्म हाम्रा होनहार युवाहरूलाई खाडीका मरुभूमिमा पठाउने बाध्यता कहिल्यै अन्त्य हुने छैन । आशा छ, सरकारले इटहरी मेलाको अनुभव र पाठबाट सिकेर आगामी दिनमा अझ व्यावहारिक र नतिजामुखी नीतिहरू अवलम्बन गर्ने छ ।

**- राजीव ढुंगाना**
नयाँबानेश्वर, काठमाडौं

# प्रभाव दैनिक

शुक्रबार, ३० असोज २०८३ (Friday, 16 October 2026)


**रूपशाला**

### '१२ गाउँ २' ले पायो 'पिजी' सर्टिफिकेट

अभिनेता विराज भट्टको निर्देशनमा बनेको बहुप्रतीक्षित फिल्म '१२ गाउँ २' चलचित्र जाँच समिति (सेन्सर बोर्ड) बाट 'पीजी' प्रमाणपत्र प्राप्त गरेको छ । यससँगै १६ वर्षभन्दा कम उमेरका दर्शकले फिल्म हेर्न जाँदा अभिभावकको साथ लिनुपर्नेछ । यससँगै चलचित्रको अग्रिम टिकट बुकिङ खुला भएको छ । प्रदर्शन मिति नजिकिँदै गर्दा राजधानी काठमाडौँसहित मोफसलका अधिकांश मल्टिप्लेक्सले फिल्मको टिकट बुकिङ खुलाएका हुन् । एक्सन, पारिवारिक सम्बन्ध, संघर्ष र प्रतिशोधको कथा समेटिएको फिल्मले सुरूवाती चरणमा देशभर १ सय ४ शो पाएको छ । फिल्मप्रति दर्शकको चासो बढिरहेका बेला मल्टिप्लेक्समा पाएको शो संख्यालाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ । विशेषगरी अभिनेता विराज भट्ट र समीर भट्टको जोडी पर्दामा कस्तो देखिनेछ भन्ने कौतुहलता दर्शकमाझ छ ।




# 'पाँच पाण्डव'का प्रमुख पात्रलाई रहस्यमयी बनाउँदै आयो ट्रेलर




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'पाँच पाण्डव'को ट्रेलर-१ सार्वजनिक भएको छ । निर्माणपक्षले आज चलचित्रको पहिलो ट्रेलर, ट्रेलर-१ सार्वजनिक गरेको हो ।

मल्टिस्टारर सिनेमाको ट्रेलरले चलचित्रको कथा संकेत गरेको छ । तर, कथा पूर्ण रूपमा खुलाएको भने छैन । यसअघि पहिलो र दोस्रो ट्रेलरमार्फत पात्र चिनाएको निर्माणपक्षले आज ट्रेलरमार्फत सिनेमाको कथा आंशिक रूपमा बताउने प्रयास गरेको छ ।

आफूलाई स्वर्गबाट आएको बताउने युदिस्टिरले भीम, अर्जुन, नहकुल र सहदेव खोजिरहेको ट्रेलरमा देखिन्छ । तर, केका लागि उनी भीम, अर्जुन, नहकुल र सहदेव खोजिरहेका छन्, त्यो भने प्रस्ट छैन ।

पृथ्वीमा भइरहेको आन्दोलन, दमन, यातना, अपराध देखाइरहँदा देखिने सुन्दर युवतको आकर्षणमा स्यंम युदिस्टिर मोहित भएका छन् । कुनै निश्चित उद्देश्य लिएर युदिस्टिर हिँडिरहे पनि उनी बीचमा अलमलिएको देखाइएको छ । यसलाई बिम्व बनाएर सिनेमाले निश्चित उद्देश्यमा नपुग्दै नेतृत्व बीचमै पतन हुने गरेको वा भड्किएर पुरानै बाटो समाउने गरेको यथार्थ कथा भन्ने संकेत गरेको छ । यद्यपि, निर्माणपक्षले यसबारे केही बोलेको छैन ।

चलचित्रका मुख्य पात्र एकातिर पाँच पाण्डवको रूपमा पनि छन्, अर्कातिर अहिलेको समाजका पात्रका रूपमा पनि उत्रिएका यसले सिनेमा र यसका पात्रलाई रहस्मयी बनाएको छ ।

यसअघि पहिलो पोस्टरले युदिस्टिर बनेका हरिवंश आचार्य, भीम बनेका जितु नेपाल, अर्जुन बनेका आर्यन सिक्देल, नहकुल बनेका महेश त्रिपाठी र सहदेव बनेका सुशील सिटौलालाई देखाएको थियो ।

दोस्रो पोस्टरले द्रोपदीलाई चिनाएको थियो । ट्रेलरहमा यी पात्रसँगै सरिता गिरी पनि मुख्य भूमिकामा देखिएकी छन् । 'पाँच पाण्डव'मा द्रोपदीको भूमिकामा इभा गिरी छिन् । उनी ट्रेलरमा युदिस्टिरलाई मोहित पाने पात्रमा देखिएकी छन् ।

बसन्त निरौलाको निर्देशन रहेको चलचित्र तिहारको छेको पारेर कार्तिक २० गते (नोभेम्बर ६) देखि रिलिज हुँदैछ । प्रतिक्षित चलचित्र 'पाँच पाण्डव'मा दर्शकले पूरै साउन्ड डल्बी एटमस साउन्ड अनुभव गर्न पाउने निर्देशक वसन्त निरौलाले बताएका छन् ।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रमा नेपाली सिने जगतका दिग्गज र नयाँ पुस्ताका चर्चित कलाकारहरू एकसाथ देखिनेछन् ।

हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला मुख्य 'पाँच पाण्डव'को भूमिकामा छन् । त्यसैगरी, दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरी, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री)लगायतको पनि मुख्य भूमिका रहेको छ ।

यो चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन् । उनले यसअघि गतवर्ष 'लाज शरणम्' निर्माण गरेका थिए । चलचित्रको निर्मातामा काली रानी श्रेष्ठ छिन् ।

'पाँच पाण्डव'मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ । यो चलचित्र 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन् । उनका अनुसार चलचित्रले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्वलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ । यो चलचित्रलाई श्याम तामाङले खिचेका छन् । चलचित्रमा सुप्रिम पराजुलीको सम्पादन तथा फाइट डाइरेक्टरमा सम्राट बस्नेत छन् । गम्भीर विस्ट र विक्रम स्वाँरको कोरियोग्राफी रहेको छ ।

रंग सम्पादन, अर्जुन पोखरेलको संगीत, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुजिल कर्माचार्यको बिजिएम, पुकार धिमालको भिएफएक्स, रोहित राज गौतम एचओपी र बिष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन् । 'पाँच पाण्डव'लाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले देशव्यापी वितरण गर्नेछ ।

# सूर्यको शब्दको 'छुट्टी लिएको थिएँ आमा दसैं मनाउनलाई' सार्वजनिक

**काठमाडौं (प्रस)–** व्यवसायी सूर्य बुढाथोकीको शब्दमा दशैंसम्बन्धी मार्मिक गीत सार्वजनिक भएको छ । चलिरहेको दशैंका बीच नेपालले हालै भोगेको प्राकृतिक विपत्को मार्मिकतालाई शब्दमा ढाल्दै सूर्यको सिर्जनामा चर्चित गायक थानेश्वर गौतमको स्वर रहेको छ । गौतमको स्वर र संगीतमा रहेको नयाँ दसैं गीत 'छुट्टी लिएको थिएँ आमा दसैं मनाउनलाई' सार्वजनिक भएको छ । गौतमको आधिकारिक युट्युब च्यानल 'थानेश्वर गौतम अफिसियल' मार्फत गीत सार्वजनिक गरिएको हो ।

गीतमा नारायण दंगालको संगीत संयोजन रहेको छ। मनोज परियारले गीतको मिक्सिङ तथा मास्टरिङ गरेका छन् भने गोपाल दयाल रेकर्डिस्टका रूपमा रहेका छन् । गीतमा भुवन गन्धर्वले तबला, ढोलक तथा मादल, यात्रीराज अधिकारीले भायोलिन र गोपाल देवले बाँसुरी बजाएका छन् । गीतको रेकर्डिङ म्युजिक प्लस स्टुडियोमा गरिएको हो । 'छुट्टी लिएको थिएँ आमा दसैं मनाउनलाई' शीर्षकले नै दसैंमा घर फर्किने चाहना र पारिवारिक आत्मीयतालाई संकेत गर्छ । दसैंलाई लक्षित गरी सार्वजनिक गरिएको यस गीतले चाडपर्वमा परिवारसँग भेटघाट गर्न चाहने तथा विभिन्न कारणले घरबाट टाढा रहेका नेपालीको भावनालाई समेटेको छ ।




गीतको भिडियोमा गायक थानेश्वर गौतमसँगै गीतकार सूर्य बुढाथोकी, भायोलिनवादक यात्रीराज अधिकारी, सन्देश अधिकारी, सुमित गौतम र निकुञ्ज गौतमको अभिनय तथा प्रस्तुति रहेको छ । भिडियोको छायांकन तथा सम्पादन रञ्जित श्रेष्ठले गरेका हुन् । यसको पोस्ट प्रोडक्सन काठमाडौंको कपनस्थित सिनेमापांग्रा फिल्म्सले गरेको हो । गीतको अडियो तथा भिडियो निर्माण जननी नेपालले गरेको हो ।

**रंगशाला**

# आइएसएफ फुटबल वर्ल्डकपमा सहभागी हुन नेपाली टोली चीन जाने




■ प्रभाव संवाददाता

**काठमाडौं –** आईएसएफ फुटबल वर्ल्डकपको २९ औं संस्करणमा सहभागी हुन २० खेलाडीसहित २९ सदस्यीय नेपाली टोली शुक्रबार चीन प्रस्थान गर्ने भएको छ । प्रतियोगिता यही अक्टोबर १७ देखि २६ तारिखसम्म हुनेछ ।

खेलाडीमा इभानरत्न तुलाधर, मानव सुब्बा, आरभ श्रेष्ठ, अग्रिमजंग सिंह बस्नेत, साहिलराज थापा, प्रशान्त मेयाङबो, रिवाज गुरुङ, सगर्वबहादुर श्रेष्ठ, सम्योग राई, सुयास पौडेल, अन्शुमन केसी, भविष्य शाह, सिभान्स भट्टराई, आकृष्ट महत, कृष्चल थापा, कृष्णा गुरुङ, कृयाश सापकोटा, तेन्जिङ शेर्पा, आईज्याक शाही र आर्गेन तुलाधर रहेका छन् । टोलीमा १६ देखि १८ वर्ष उमेरसमूहका खेलाडी छन् ।

टोली नेतामा अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघका कार्यकारी समितिका सदस्य समेत रहेका विद्यालय खेलकुद महासंघ (आईएसएसएफ) का महासचिव राजकुमार कार्की तथा अफिसियलमा आईएसएसएफका अध्यक्ष विनोद श्रेष्ठ, रामकृष्ण महर्जन, पशुपति अधिकारी, भूवनलाल श्रेष्ठ, सोविनराज रेग्मी र सुमिद भट्टराई छन् । प्रशिक्षकमा थमन भुसाल र सन्तोष न्यौपाने छन् ।

छनोट प्रतिस्पर्धाबाट खेलाडी छनोट गरिएको महासचिव कार्कीले बताए । 'छनोटमा ३७२ खेलाडी सहभागी थिए । त्यसबाट पहिलो चरणमा हामीले ४० खेलाडी छान्यौं । ४० बाट २० खेलाडीको अन्तिम छनोट गरिएको हो ।' महासचिव कार्कीले भने । टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष विशाल श्रेष्ठ, राखेपकी सदस्य मोनालिशा खम्बूलगायतले बिदाइ गरे ।

# म्यानचेस्टर सिटीका आर्थिक नियम उल्लंघनको सुनुवाइ जनवरीमा

**काठमाडौं–** इंग्लिस फुटबलको स्वतन्त्र नियामक निकायका अध्यक्षका अनुसार प्रिमियर लिगको आर्थिक नियमहरूको १०० भन्दा बढी पटक उल्लंघन गरेकोमा दोषी ठहरिएपछि म्यानचेस्टर सिटीले दायर गरेको पुनरावेदनको सुनुवाइ आगामी जनवरीसम्ममा हुने अपेक्षा गरिएको छ ।

'प्रिमियर लिगले यस विषयलाई चालु सिजनभित्रै टुंग्याउन चाहेको बताएको छ । वास्तवमा यसको सुनुवाइ प्रिमियर लिग आफैंले गर्ने होइन, बरु तीन जना अवकाशप्राप्त न्यायाधीश वा वकिलहरू सम्मिलित एउटा स्वतन्त्र आयोगले गर्नेछ,' स्वतन्त्र फुटबल नियामकका अध्यक्ष डेभिड कोगनले बुधबार टाइम्स रेडियोलाई बताए ।

'मेरो बुझाइमा यसका लागि १२ साताको निर्धारित प्रक्रिया छ, त्यसैले मानिसहरूले यसको सुनुवाइ जनवरीको मध्य वा अन्त्यसम्ममा हुने अनुमान गरिरहेका छन्,' उनले भने, 'तर, मैले भनेझैं, यो हाम्रो प्रक्रिया होइन, यो प्रिमियर लिगको स्वतन्त्र आयोगको प्रक्रिया हो । मलाई लाग्छ, पूर्ण रूपमा स्पष्ट नभई हामी कुनै निर्णय लिन सक्दैनौं ।' कुनै पनि गलत काम नगरेको दाबी बारम्बार गर्दै आएको म्यानचेस्टर सिटी आइतबार लिभरपुललाई ३-० ले पराजित गरेपछि हाल प्रिमियर लिग तालिकाको शीर्ष स्थानमा छ । टोलीले खेलेका ६ वटै खेल जितेको छ । अहिलेसम्म कुनै कारबाहीको घोषणा गरिएको छैन, तर सिटीले ठूलो मात्रामा अंक कटौतीको सामना गर्नुपर्ने हुन सक्छ, जसले गर्दा टोली रेलिगेसनमा (तल्लो डिभिजनमा) पर्न सक्छ। सन् २००९ देखि २०१८ को बीचमा जितेका तीनवटा प्रिमियर लिग उपाधिहरू खोसिन सक्ने अनुमानसमेत गरिएको छ ।

आईएफआरका कोगनले मंगलबार भनेका थिए कि यदि सिटीमाथि हुने भविष्यका कुनै पनि आईएफआर अनुसन्धानमा राजनीतिक हस्तक्षेप भएमा उनले राजीनामा दिनेछन् ।

एक स्वतन्त्र आयोगले क्लबलाई सन् २००९ देखि २०१८ को बीचमा आर्थिक नियमहरू उल्लंघन गरेको आरोपमा दोषी ठहर गरेको थियो। क्लबमाथि कृत्रिम रूपमा आम्दानी बढाउन र देखाइएको खर्च ९०० मिलियन पाउन्ड (१.२ बिलियन डलर) भन्दा बढीले घटाउन 'नक्कली' सम्झौताहरू प्रयोग गरेको आरोप लागेको थियो ।


## कुवेतमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : Al-Elmam International Real Estate Company

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 349254 चलानी नं. ६०२६२४५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 5 | 5 | 150 | ७३,४७४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waitress | 0 | 5 | 120 | ५८,७८० | | | | | | | |
| 3 | Room Attendants | 10 | 0 | 120 | ५८,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कार्तिक ८ गते (25th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तवारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## मलेसियामा रोजगार

कम्पनी : JIA JIA BAH KUET TEH RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 344742 चलानी नं. ६०२५८०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Workers & Cook | 50 | 0 | 1700 | ६३,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२९ LT. No. 341675 चलानी नं. ६०२५५०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 8 | 0 | 1700 | ६३,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक ६ गते (23rd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम इजाजत नं. ११९७/०७३/०७४

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH CATERING, UAE
कम्पनी : एडीएनएच क्याटरीङ, युएई

Pre Approval Date : 2026/09/03 पूर्व स्वीकृति मिति : २०८३/०५/१८ Re advertisement Date : 2026/10/13 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२७ LT. No. 347544 एल टि न. ३४७५४४ Invoice No. 60260709 चलानी नं. ६०२६०७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/waitress | 100 | 50 | 1200 | ५०,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Pre Approval Date : 2025/07/25 पूर्व स्वीकृति मिति : २०८२/०४/०१ Re advertisement Date : 2026/10/13 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२७ LT. No. 327893 एल टि न. ३२७८९३ Invoice No. 60241680 चलानी नं. ६०२४१६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 300 | 800 | ३३,४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 3rd & 4th Nov. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कार्तिक १७ र १८ गते हुनेछ ।Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिंदैन छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



चीनको उत्तरपूर्वी हेइलोङजियाङ प्रान्तमा रहेको बेइदाहुवाङ समूहअन्तर्गतको एक कृषि फार्मको आँगनमा सुकाइएका धानका थुप्रोहरूका बीचमा काम गरिरहेका एक किसान। *तस्बिरः सिन्ह्वा*

# पाकिस्तानमा विद्यालयको छत खस्दा २९ जनाको मृत्यु

**पेसावर–** पाकिस्तानको पेसावरमा बिहीबार निजी विद्यालयको छत खस्दा २८ बालबालिका र एक महिला शिक्षकसहित २९ जनाको मृत्यु भएको छ। दुर्घटनामा ५० भन्दा बढी घाइते भएका छन्। मृतक बालबालिकामध्ये छ जना बालिका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको अस्पतालका प्रवक्ता मोहम्मद असीमले बताए।

घाइते तथा मृतक बालबालिका सबै १३ वर्ष वा सोभन्दा कम उमेरका रहेको उनले जानकारी दिए। घाइतेको उपचारका लागि अस्पतालमा आपत्कालीन अवस्था घोषणा गरिएको थियो। उद्धारकर्मीले भग्नावशेषमुनि फसेका सबैलाई बाहिर निकालेपछि भग्नावशेष हटाउने काम थालेका थिए।

घाइते शिक्षिका महविश जमानका अनुसार तीनतले विद्यालयमा नर्सरीदेखि पाँच कक्षासम्म करिब एक हजार २०० विद्यार्थी अध्ययनरत थिए। कक्षाकोठामा रहेका बेला छत खसेपछि आफूलाई आकाशै खसेजस्तो लागेको र पछि अस्पतालमा होस खुलेको उनले बताए।

दुर्घटनापछि स्थानीय बासिन्दा र उद्धारकर्मी तत्काल घटनास्थल पुगेका थिए। स्थानीय सामिउल्लाह खानले तीन बालिकालाई उद्धार गर्न सहयोग गरेको बताए। उनका छोरा भने पानी पिउन कक्षाबाट बाहिर निस्किएकाले जोगिएका थिए। घटनास्थल र अस्पतालमा भेला भएका अभिभावकले आफ्ना छोराछोरीको अवस्थाबारे जानकारी मागेका थिए।

दुर्घटनाको कारणबारे अनुसन्धान सुरु भएको छ। पेसावरका प्रहरी प्रमुख सईद अहमदले विद्यालयका सञ्चालकलाई पक्राउ गरिएको र भवन संरचनात्मक रूपमा कमजोर रहेको बताए। छत खस्नुको कारण पत्ता लगाउन प्रान्तीय सरकारले समिति गठन गरेको छ।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले घटनाप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन्। राष्ट्रपति जरदारीले घटनाको विस्तृत अनुसन्धान गर्न र विद्यालय भवनमा सुरक्षा मापदण्ड पालना भएको सुनिश्चित गर्न आग्रह गरेका छन्।

यसअघि जुलाईमा लाहोरमा निर्माणाधीन शिक्षण केन्द्रको छत खस्दा चार विद्यार्थीको मृत्यु भएको थियो। पाकिस्तानमा निर्माण मापदण्डको कमजोर कार्यान्वयन, गुणस्तरहीन सामग्रीको प्रयोग र सुरक्षा नियमको बेवास्ताका कारण भवन भत्किने घटना बारम्बार हुने गरेका छन्। *रासस/एपी*

# मध्यपूर्वको आर्थिक वृद्धिमा गिरावट आउने आइएमएफको प्रक्षेपण




**बैंकक–** मध्यपूर्वमा जारी युद्धका कारण खाडी मुलुकहरूको अर्थतन्त्रमा नकारात्मक असर पर्ने भएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले ऊर्जा सम्पन्न मध्यपूर्वी देशहरूको अर्थतन्त्रमा सुधार आउन समय लाग्ने जनाएको छ।

युद्धले विभिन्न क्षेत्रमा दीर्घकालीन असर पार्ने भएकाले अर्थतन्त्र तत्काल युद्धअघिको अवस्थामा फर्कन नसक्ने आइएमएफका क्षेत्रीय निर्देशक जिहाद अजोरले बिहीबार बताएका छन्। इरानबाट सुरु भएको युद्ध साउदी अरब र यमनसम्म फैलिँदा क्षेत्रीय सुरक्षा र आर्थिक गतिविधिमा असर परेको छ। विशेषगरी समुद्री मार्गबाट हुने ऊर्जा ढुवानी प्रभावित हुँदा विश्वव्यापी ऊर्जा आपूर्तिमासमेत चिन्ता बढेको छ।

अजोरका अनुसार युद्धका कारण विभिन्न आर्थिक क्षेत्रमा दीर्घकालीन क्षति पुग्ने, पूर्वाधार प्रभावित हुने र भविष्यमा यस्ता संकट सामना गर्न थप खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ। त्यसैले मध्यकालमा मध्यपूर्वका अर्थतन्त्र युद्धअघिको अवस्थामा फर्कने सम्भावना कम रहेको उनले बताएका छन्।

'हामी मध्यकालमा युद्धअघिको आर्थिक अवस्थामा फर्कने छैनौं। यो संकटले विभिन्न क्षेत्रमा दीर्घकालीन असर पार्ने छ, पूर्वाधारमा अवरोध सिर्जना गर्ने छ र भविष्यमा थप जोखिम सामना गर्न खर्च बढाउनुपर्ने छ,' अजोरले पत्रकारहरूसँग भने।

आइएमएफले मंगलबार सार्वजनिक गरेको प्रक्षेपणअनुसार सन् २०२६ मा मध्यपूर्व र मध्य एसियाको अर्थतन्त्र ०.३ प्रतिशतले खुम्चिने अनुमान गरिएको छ। इरान युद्धको प्रत्यक्ष असर परेका यी क्षेत्रमा आर्थिक गतिविधि कमजोर हुने देखिएको छ।

साउदी अरबको अर्थतन्त्रमा पनि ठूलो असर पर्ने अनुमान गरिएको छ। आइएमएफका अनुसार सन् २०२६ मा साउदी अरबको अर्थतन्त्र ३.३ प्रतिशतले खुम्चिन सक्छ। ऊर्जा निर्यातबाट बलियो आम्दानी गर्दै आएको साउदी अरबमा आर्थिक संकुचनको यस्तो अनुमानलाई दुर्लभ आर्थिक मन्दीको संकेतका रूपमा हेरिएको छ।

यसैबीच, आइएमएफकी प्रमुख क्रिस्टालिना जर्जिएभाले बुधबार साउदी अरबलाई लक्षित गरी भइरहेका आक्रमणले विश्वभरका मानिसलाई असर पार्न सक्ने चेतावनी दिएका थिए। ऊर्जा आपूर्ति र मूल्यमा पर्ने प्रभावका कारण मध्यपूर्वको द्वन्द्व क्षेत्रीय सीमाभन्दा बाहिर पनि फैलिन सक्ने चिन्ता बढेको छ।

पछिल्ला दिनमा साउदी नेतृत्वको गठबन्धन र यमनका हुथी विद्रोहीबीचको लडाइँ थप चर्किएको छ। क्षेप्यास्त्र आक्रमणमा विमानस्थल र ऊर्जा पूर्वाधारका साथै साउदी अरबको सरकारी तेल कम्पनी अरामकोको मुख्यालयसमेत प्रभावित भएको जनाइएको छ। आक्रमणमा मानवीय क्षति भएको छ।

युद्धको आर्थिक प्रभाव, बढ्दो ऊर्जा लागत र विश्व अर्थतन्त्रका चुनौतीबारे छलफल गर्न यसै साता बैंककमा अधिकारी तथा विज्ञहरू भेला भएका छन्। छलफलमा कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा भइरहेको तीव्र लगानीको दिगोपनाबारे पनि चासो व्यक्त गरिएको छ। विश्लेषकहरूका लागि अहिले मुख्य चुनौती युद्धको अवधि र त्यसले ऊर्जा आपूर्ति, पूर्वाधार तथा क्षेत्रीय आर्थिक वृद्धिमा पार्ने प्रभाव आकलन गर्नु रहेको छ। युद्ध लम्बिँदै गएमा मध्यपूर्वका अर्थतन्त्रमा परेको दबाब अझ बढ्न सक्ने देखिएको छ। *रासस/एएफपी*

# भारत चौथो ठूलो अर्थतन्त्र बन्ने प्रक्षेपण

**बैंकक–** अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) को प्रक्षेपणअनुसार भारत सन् २०२७ मा जापानलाई उछिन्दै विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने भएको छ। भारतको कूल गार्हस्थ उत्पादन (जिडिपी) ४५ खर्ब २० अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ भने जापान छैटौं स्थानमा झर्ने अपेक्षा छ।




नाममात्रको जिडिपीका आधारमा जापान यस वर्ष विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने छ। तर, सन् २०२७ मा भारत र बेलायतले जापानलाई पछाडि पार्ने आइएमएफको प्रक्षेपण छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र अमेरिका हो भने चीन दोस्रो र जर्मनी तेस्रो स्थानमा छन्।

विश्वव्यापी आर्थिक अवरोधकाबीच भारतले पछिल्ला वर्षमा बलियो आर्थिक वृद्धि हासिल गरेको छ। आइएमएफले यसै साता सन् २०२६ का लागि भारतको आर्थिक वृद्धिदरको अनुमान बढाएर सात प्रतिशत पुऱ्याएको छ। यसको विपरीत, वृद्ध जनसंख्या र संरचनात्मक समस्याका कारण जापानको आर्थिक वृद्धि सुस्त बनेको छ।

एसिया-प्रशान्त क्षेत्रका लागि आइएमएफको क्षेत्रीय आर्थिक दृष्टिकोण बिहीबार सार्वजनिक गर्दै एसिया निर्देशक कृष्ण श्रीनिवासनले इरानमाथि अमेरिका र इजरायलको युद्धका कारण ऊर्जा मूल्यमा परेको असर सामना गर्न भारत तुलनात्मकरूपमा बलियो अवस्थामा रहेको बताए। भारतको आर्थिक वृद्धि बलियो रहेको, वित्तीय अनुशासन कायम भएको र पर्याप्त विदेशी मुद्रा सञ्चिति रहेकाले ऊर्जा मूल्यको धक्कालाई सामना गर्न सहज भएको उनको भनाइ थियो।

आइएमएफले जापानको आर्थिक वृद्धिदर सन् २०२६ मा ०.७ प्रतिशतमा सीमित हुने अनुमान गरेको छ। ऊर्जा मूल्यवृद्धि र व्यापक मुद्रास्फीतिले जापानको अर्थतन्त्रमा दबाब बढाएको छ। सन् २०२२ को वसन्तयामदेखि निरन्तर बढिरहेको उपभोक्ता मूल्यमा इरान युद्धका कारण ऊर्जा महँगिएपछि थप चाप परेको छ। यसले जापानको केन्द्रीय बैंकलाई तीन दशकयताकै उच्च ब्याजदरमा पुऱ्याएको छ।

अमेरिकी डलरको तुलनामा येनको मूल्य गर्मीयाममा ४० वर्षयताकै न्यूनस्तरमा झरेपछि आयात लागतसमेत बढेको छ। वृद्ध जनसंख्याले पनि जापानको आर्थिक गतिविधिमा असर पारेको छ।

श्रीनिवासनले कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा भइरहेको लगानीले जापानको अर्थतन्त्रलाई फाइदा पुऱ्याए पनि यसबाट क्षेत्रका अन्य अर्थतन्त्रको तुलनामा उल्लेखनीय बढी लाभ नपुगेको बताए।

यसैबीच, एआई क्षेत्रका कम्पनीहरूको नाफाबारे शंका बढेपछि प्रविधि कम्पनीका सेयरमा गिरावट आएको छ। त्यसको असर जापानको प्रमुख सेयरबजार सूचक निक्केईमा पनि परेको छ। बिहीबार निक्केई सूचक करिब पाँच प्रतिशतले घटेको छ। *रासस/एएफपी*

# सिसा विषाक्तता रोकन डब्ल्युएचओको आग्रह

**जेनेभा–** विश्वभर ८१ करोड ५० लाख बालबालिकाको रगतमा सिसाको मात्रा जोखिमपूर्ण स्तरमा रहेको जनाउँदै विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले यसको विषाक्तता रोक्न प्रभावकारी कदम चाल्न देशहरूलाई आग्रह गरेको छ। सिसाको सम्पर्कमा आउँदा स्पष्ट लक्षण नदेखिए पनि मस्तिष्क र स्नायु प्रणालीमा गम्भीर तथा अपरिवर्तनीय क्षति पुग्न सक्छ।



डब्ल्युएचओका अनुसार सिसा वातावरणीय स्वास्थ्यका गम्भीर तर बेवास्ता गरिएका जोखिममध्ये एक हो। रङ, भाँडाकुँडा, सौन्दर्य प्रसाधन, मसला, फोहोर सामग्रीको पुनःप्रशोधन र औद्योगिक प्रदूषण यसको सम्पर्कका प्रमुख स्रोत हुन्। सिसाको कुनै पनि स्तरको सम्पर्कलाई पूर्णरूपमा सुरक्षित मान्न नसकिने संगठनले जनाएको छ।

डब्ल्युएचओको वातावरण विभागका प्रमुख ब्रुस गोर्डनका अनुसार विश्वभरका तीनमध्ये एकभन्दा बढी बालबालिकाको रगतमा सिसाको मात्रा संगठनले तोकेको कार्यस्तरभन्दा माथि छ। रगतमा प्रतिडेसिलिटर पाँच माइक्रोग्राम वा सोभन्दा बढी सिसा भेटिएमा यसको स्रोत पहिचान गरी हटाउन सन् २०२१ मै संगठनले सिफारिस गरेको थियो। बालबालिकामा प्रतिडेसिलिटर ३.५ माइक्रोग्राम सिसाको मात्रा पनि बौद्धिक क्षमता घट्ने, व्यवहारसम्बन्धी समस्या र सिकाइमा कठिनाइसँग सम्बन्धित हुन सक्छ।

डब्ल्युएचओले सिसालाई आर्सेनिक, एस्बेस्टस र पारासहित जनस्वास्थ्यका लागि प्रमुख चिन्ताका १० रसायनमध्ये एकमा वर्गीकृत गरेको छ। यसबाट विश्वभर हरेक वर्ष ३५ लाखभन्दा बढी मानिसको मृत्यु हुने अनुमान गरिएको छ।

सिसाको जोखिम नियन्त्रणका लागि डब्ल्युएचओले नेपालसहित ब्राजिल, भारत, इथियोपिया, घाना, मलावी, रुवान्डा, दक्षिण अफ्रिका र ताञ्जानियामा रगत परीक्षण गर्ने प्रयोगशालाको क्षमता बढाइरहेको छ। संगठनले विश्वव्यापी कार्ययोजना तयार गरी आगामी मे महिनामा सदस्य राष्ट्रहरूको वार्षिक सभामा प्रस्तुत गर्ने जनाएको छ।

गोर्डनले जनचेतनामात्र पर्याप्त नहुने बताउँदै प्रभावकारी नीति र कानुन कार्यान्वयनमा जोड दिएका छन्। डब्ल्युएचओका अनुसार आधाभन्दा कम देशमामात्र रङमा सिसाको प्रयोग नियन्त्रण गर्ने बाध्यकारी कानुनी व्यवस्था छ। उनले बालबालिकाको शरीरमा सिसा प्रवेश गर्नुअघि नै उत्पादन र वातावरणबाट यसको स्रोत हटाउन आग्रह गरेका छन्। *रासस/एएफपी*

# अस्ट्रेलियाको बेरोजगारी दर बढेर ४.७ प्रतिशत पुग्यो

**क्यानबेरा–** अस्ट्रेलियामा सेप्टेम्बर महिनामा बेरोजगारी दर बढेर ४.७ प्रतिशत पुगेको छ। एबिएसका श्रम तथ्यांक प्रमुख सन क्रिकका अनुसार सेप्टेम्बरमा रोजगारीमा रहेका व्यक्तिको संख्या ३९ हजारले घटेको छ भने बेरोजगार व्यक्तिको संख्या नौ हजारले बढेको छ।



यसैगरी, कूल जनसंख्यामा रोजगारीमा रहेका व्यक्तिको अनुपात ०.३ प्रतिशत बिन्दुले घटेर ६३.६ प्रतिशतमा झरेको छ। श्रमशक्तिमा सहभागिता दर पनि ०.२ प्रतिशत बिन्दुले घटेर ६६.८ प्रतिशत कायम भएको क्रिकले बताएका छन्।

थप काम गर्न चाहने र त्यसका लागि उपलब्ध भए पनि पर्याप्त कामको समय नपाएका व्यक्तिको अवस्थालाई मापन गर्ने अल्परोजगारी दर ०.१ प्रतिशत बिन्दुले बढेर ६.३ प्रतिशत पुगेको छ।

सेप्टेम्बरमा आंशिक समय काम गर्नेहरूको कूल कार्यघण्टा १.५ प्रतिशतले घटेको छ भने पूर्णकालीन काम गर्नेहरूको कार्यघण्टा ०.४ प्रतिशतले बढेको क्रिकले जानकारी दिएका छन्।

यद्यपि, अस्ट्रेलियाली तथ्यांक ब्युरोले श्रमबजारको वास्तविक प्रवृत्ति आकलन गर्न सिफारिस गर्ने प्रवृत्तिगत (ट्रेण्ड) आधारमा भने बेरोजगारी दर ४.६ प्रतिशतमा स्थिर रहेको छ। उक्त अवधिमा प्रवृत्तिगत रोजगारी ०.१ प्रतिशतले बढेको छ भने कूल कार्यघण्टा स्थिर रहेको तथ्यांकमा उल्लेख छ। एबिएसका अनुसार वार्षिक आधारमा रोजगारी र कूल कार्यघण्टामा क्रमशः १.२ प्रतिशत र १.३ प्रतिशतले वृद्धि भएको छ। *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २८८४०० | प्रति तोला – ० | प्रति तोला – ४०३५ |

## पुनरूत्थान र पुनर्निर्माणमा सहयोग गर्न एडिबीलाई अर्थमन्त्रीको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालले भोगेको प्राकृति विपत्तिपछिको पुनरुत्थान र जलवायु-उत्थानशील पुनर्निर्माणमा नेपाललाई सघाउन एसियाली विकास बैंकलाई आग्रह गरेका छन् ।

थाइल्याण्डको राजधानी बैंकमा जारी विश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा सहभागी हुन थाइल्याण्डको राजधानी बैंककमा रहेका अर्थमन्त्री डा. वाग्ले र एसियाली विकास बैंकका अध्यक्ष मासातो कान्दाबीचको भेटवार्ता सो आग्रह गरिएको हो ।

त्यसअवसरमा अर्थमन्त्री डा. वाग्लेले विपद्पश्चात्को पुनरुत्थान, जलवायु-उत्थानशील पुनर्निर्माण र नेपालका दीर्घकालीन आर्थिक प्राथमिकता अगाडि बढाउनका लागि स्रोत परिचालन गर्न बैंकका अध्यक्ष मासातो कान्दालाई आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

भेटवार्तामा बाढीपछि उद्धारमा सहयोग गर्न आपतकालीन अनुदान छिटो स्वीकृति र ऐक्यबद्धता जाहेर गरिएकामा मन्त्री डा. वाग्लेले एशियाली विकास बैंकप्रति नेपालको तर्फबाट कृतज्ञता व्यक्त गरेका थिए ।

त्यस अवसरमा अध्यक्ष कान्दाले नेपालको विकासका लागि सहकार्य आफूको उच्च प्राथमिकतामा रहेको बताए । छलफलमा भ्रमण दलमा रहेका अर्थसचिव डा. घनश्याम उपाध्याय र मन्त्रालयका सहसचिव अमृत लम्साल पनि सहभागी थिए ।

# टरिगाउँ र रारा विमानस्थल विस्तारका लागि अध्ययन अघि बढाउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले दाङको टरिगाउँ र मुगुको रारा विमानस्थलको विकास तथा विस्तारसम्बन्धी अध्ययन प्रक्रिया अघि बढाउन नेपाल नागरिक उ•यन प्राधिकरण (क्यान) लाई निर्देशन दिएका छन् ।

दुवै विमानस्थलको हालै निरीक्षण तथा अवलोकन भ्रमण गरेका मन्त्री पौडेलले बिहीबार मन्त्रालयमा क्यानका पदाधिकारीसँग छलफल गरी आवश्यक अध्ययन प्रक्रिया अघि बढाउन निर्देशन दिएका हुन् । क्यानका अनुसार मन्त्री पौडेलको नेतृत्वमा प्राधिकरण तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित पदाधिकारीहरूको सहभागितामा गत असोज २१ देखि २६ गतेसम्म नेपालगञ्ज, दाङ, रारा र जुम्ला विमानस्थलको निरीक्षण तथा अवलोकन भ्रमण गरिएको थियो ।

भ्रमणका क्रममा ती विमानस्थलको दीर्घकालीन विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार, प्राविधिक सम्भाव्यता, सञ्चालन क्षमता अभिवृद्धि तथा सेवा प्रभावकारी बनाउने उपायबारे विस्तृत अध्ययन गर्न निर्देशन दिइएको हो । क्यानका महानिर्देशक मुकेश डंगोलका अनुसार दाङको टरिगाउँ विमानस्थलको विकास तथा विस्तारका सम्भावनाबारे अध्ययन गरी हवाई यातायात सेवालाई थप सुलभ, सहज र प्रभावकारी बनाउने लक्ष्य राखिएको छ । यसबाट पर्यटन प्रवर्द्धन तथा क्षेत्रीय विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, रारा विमानस्थलको हकमा हाल सञ्चालनमा रहेको विमानस्थलको स्तरोन्नति तथा विस्तार गर्न सकिने सम्भावनाको अध्ययन गरिने महानिर्देशक डंगोलले बताए । उनका अनुसार आवश्यकताअनुसार वैकल्पिक स्थानमा नयाँ विमानस्थल निर्माण गर्न सकिने सम्भावनाबारे समेत प्राविधिक तथा सम्भाव्यता अध्ययन गर्न मन्त्री पौडेलले निर्देशन दिएका छन् ।

दुवै विमानस्थलको विकासका लागि आवश्यक प्राविधिक अध्ययन, सम्भाव्यता विश्लेषण, पूर्वाधारको आवश्यकता पहिचान तथा आगामी कार्ययोजना निर्माणलाई प्राथमिकताका साथ अघि बढाउनसमेत निर्देशन दिइएको छ । विमानस्थलहरूको विकास तथा विस्तारसम्बन्धी प्रक्रिया अघि बढेमा हवाई यातायातको पहुँच विस्तार, पर्यटन विकास तथा सम्बन्धित क्षेत्रको आर्थिक र सामाजिक विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### भरतपुर विमानस्थल परिसर सुधार गर्न निर्देशन

**चितवन –** भरतपुर विमानस्थल परिसर अस्तव्यस्त भएको गुनासो बढेपछि जिल्ला प्रशासनले अनुगमन गरी सम्बन्धीत कार्यालयलाई सचेत गराएको छ। विमानस्थल परिसरभित्र रहेका शौचालय दुर्गन्धित भएको, नियमित सरसफाइ नभएको, विमानस्थल परिसरलाई आवश्यक सौन्दर्यता दिने काम नगरिएकोजस्ता गुनासो आएपछि अनुगमन गरिएको हो ।

चितवन क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएकी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई सर्वसाधारणले सो गुनासो गरेका थिए । उनले सो विषयमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको ध्यानाकर्षण गराएका थिए। उनका अनुसार मन्त्री र अन्यबाट गुनासो आएपछि मन्त्री गौतमसहित आफूहरूले विमानस्थल परिसरको अनुगमन गरेको उनले बताए ।

गुनासोअनुसार सरसफाइ र व्यवस्थापनमा कमजोरी देखिएपछि कार्यालय प्रमुख दीपक विकलाई तत्काल सुधार गर्न भनिएको प्रजिअ अर्यालले बताए । उनले भने, 'विमानस्थल परिसरको सुधार गर्नुपर्ने छ। मन्त्रीसँगै हामीले अनुगमन गर्‍यौं । सुधार्ने प्रतिबद्धता गराइएको छ।' समग्र पूर्वाधार, सरसफाइ र कार्यालयका कर्मचारी नभेटिने जटिल समस्या आफूहरूले पाएको उनले बताए ।

यसअघि पनि विमानस्थल परिसरमा पार्किङलगायतमा पटकपटक समस्या आउने गरेको थियो । प्रजिअ अर्यालका अनुसार उनी चितवन आएर १५ महिना यता गरिएका कार्यालय प्रमुखको बैठकमा विक उपस्थित नभएकाले यस अघि त्यहाँको समस्या र समाधानका बारेमा बुझ्ने र सुधार गर्न नसकिएको हो । निकै गुनासो आएपछि मन्त्रीसहित आफूहरू गएर सुधार गर्न निर्देशन दिइएको जानकारी दिए । बुद्ध एयरले यहाँबाट काठमाडौं दैनिक सात वटा जहाज उडान भर्दै आएको छ । झण्डै ८०० यात्रु आवतजावत गर्दछन् । विमानस्थलको बोडिङ पछि प्रतीक्षा कक्षको शौचालयको गन्ध बाहिर आएको भन्दै यसअघि पनि पटकपटक गुनासो आउने गरेको थियो । कार्यालय प्रमुख विकले कतिपय कमीकमजोरी भएको जनाउँदै यसलाई सुधार गर्ने प्रतिबद्धता आफूले जनाएको बताए । अनुगमनपछि काम भइरहेको उनले जानकारी दिए । सडक अवरुद्ध हुँदा यात्रुका चाप बढेका कारण नजर पुऱ्याउन नसकिएको उनको भनाइ थियो ।

## नेप्से सामान्य अंकले बढ्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ५६ अंकले बढेर दुई हजार ६२५ दशमलव ८२ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ०१ अंकले बढेर ४७५ दशमलव ९८ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक शून्य दशमलव ४१ अंकले बढेर १८२ दशमलव ०५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३४ अंकले बढेर १६१ दशमलव ०३ मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड ३६ लाख २४ हजार ४०७ कित्ता शेयर रु चार अर्ब ७१ करोड ७० लाख २८ हजार १०४ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये चार उपसमूह घट्यो भने नौ उपसमूह बढेको छ ।

१७१ कम्पनीको शेयर बढ्यो भने ९१ कम्पनीको शेयर घट्यो । त्यसैगरी १५ कम्पनीको शेयर स्थिर रह्यो । नेप्सेका अनुसार बेनी हाइड्रोपावर, हिमालयन एभरेष्ट इन्सुरेन्स, लक्ष्मी उन्नति कोषलगायतका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी एसबिएल डिबेञ्चर, लक्ष्मी भ्यालू फण्ड र माथिल्लो मैलुङ खोला जलविद्युत्लगायतका लगानीकर्ताले गुमाएका छन् ।

## नागरिक लगानी कोष र एभरेस्ट अस्पतालबीच सम्झौता




**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र एभरेस्ट अस्पताल प्रा.लि.बीच कोषका सहभागी, कर्मचारी, उनीहरूका आश्रित परिवार तथा सदस्यलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ। सो सम्बन्धी सम्झौता कोषका निमित्त कार्यकारी निर्देशक हेमन्त पोखरेल र अस्पतालका स.प्रशासक यादवप्रसाद ढुंगानाले हस्ताक्षर गर्नु भएको हो ।

सम्झौता अनुसार कोषसँग आबद्ध कर्मचारी, आश्रित परिवार तथा सदस्यले अस्पतालको बिल र परीक्षण सेवामा २० प्रतिशत तथा शल्यक्रिया कक्ष (ओटी) र फार्मेसीको बिलमा १० प्रतिशत छुट पाउनेछन्। बाह्य स्रोतबाट लिइने सेवा, चिकित्सकको परामर्श, एम्बुलेन्स शुल्क तथा उपकरणमा भने छुट योजना लागु हुने छैन ।

अस्पतालले कोषका सक्रिय सहभागीलाई एम्बुलेन्स सेवा, विशेष स्वास्थ्य प्याकेज तथा आवश्यकताअनुसार स्वास्थ्य शिविरसमेत सञ्चालन गर्नेछ । स्वास्थ्य शिविरमा सहभागी चिकित्सकका लागि आवश्यक प्रोत्साहनको व्यवस्था गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

कोषको परिचयपत्रका आधारमा कर्मचारी तथा सहभागीको पहिचान गरिनेछ। परिचयपत्र नभएका आश्रित परिवारका सदस्यको हकमा कोषले विवरण उपलब्ध गराउने वा अस्पताललाई अग्रिम जानकारी गराउने व्यवस्था छ। दुवै संस्थाले सेवाका क्रममा प्राप्त सूचना सुरक्षित र गोप्य राख्नुपर्ने पनि सम्झौतामा उल्लेख छ।

## महिला उद्यमीका उत्पादनलाई राष्ट्रिय पहिचान दिलाउन 'ट्रेडमार्क' अभियान

**ललितपुर (प्रस)–** महिला उद्यमी महासंघ नेपालले महिला उद्यमीका उत्पादनलाई राष्ट्रिय पहिचान दिलाउँदै बजार पहुँच विस्तार गर्ने उद्देश्यले 'म उद्यमी ट्रेडमार्क' अभियानलाई देशव्यापीरूपमा अघि बढाउने भएको छ ।

महिला उद्यमीहरूद्वारा उत्पादित वस्तुको पहिचान, प्रवर्द्धन तथा बजार पहुँच विस्तार गर्ने उद्देश्यले अगाडि बढाइरहेको म उद्यमी ट्रेडमार्क (व्यापारिक चिह्न) सामूहिक चिह्न अभियानका बारेमा जानकारी दिन महासंघद्वारा बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा महासंघकी अध्यक्ष दर्शना श्रेष्ठले यो अभियानलाई देशभरका महिला उद्यमीसम्म विस्तार गर्ने बताएकी हुन् ।

'गुणस्तरीय उत्पादनमात्रै पर्याप्त हुँदैन, उत्पादनले आफ्नो पहिचान निर्माण गर्नुपर्छ, उपभोक्ताको विश्वास जित्नुपर्छ र बजारमा विशिष्ट स्थान हासिल गर्नुपर्छ,' उनले भनिन् । अध्यक्ष श्रेष्ठका अनुसार 'मेरो पहिचान, मेरो उद्यम' भन्ने मूल भावनाका साथ अघि बढाइएको 'म उद्यमी' अभियानले महिला उद्यमी र उनीहरूका




उत्पादनलाई एउटै साझा पहिचानमा जोड्ने छ ।

नेपाली महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवामा स्थानीय सीप, संस्कृति, मौलिकता, परिश्रम र सिर्जनशीलता प्रतिविम्बित भए पनि धेरै उत्पादनले अझै बजारमा अपेक्षित पहिचान र अवसर पाउन नसकेको अध्यक्ष श्रेष्ठले बताइन् । 'म उद्यमी' ट्रेडमार्कले महिला उद्यमीका उत्पादन पहिचान गर्न, उपभोक्ताको विश्वास बढाउन तथा बजारमा तिनको दृश्यता र व्यावसायिक अवसर विस्तार गर्न सहयोग पुग्ने उनको भनाइ छ ।

गत असारमा प्रधानमन्त्रीसँग भएको भेटका क्रममा 'म उद्यमी' ट्रेडमार्कको महत्त्व र यसको पहुँच विस्तार गर्ने विषयमा विशेष चासो व्यक्त भएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले यसलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता जनाइन् ।

महिला उद्यमी महासंघ नेपालले सातै प्रदेश तथा जिल्लास्थित महिला उद्यमी संघमार्फत महिला उद्यमीको क्षमता अभिवृद्धि, नीतिगत पैरवी, वित्तीय तथा बजार पहुँच विस्तार र व्यावसायिक सञ्जाल निर्माणमा काम गर्दै आएको उनले जानकारी दिइन् । महिला नेतृत्वमा सञ्चालित उद्यमलाई दिगो, प्रतिस्पर्धी र सफल बनाउनु महासंघको प्रमुख उद्देश्य रहेको उनको भनाइ छ ।

कार्यक्रममा उद्यमी तथा व्यावसायिक प्रोफाइलिङ, 'म उद्यमी' अन्तर्गतका उत्पादनको प्रदर्शनी र सञ्चारमाध्यमसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको थियो । त्यस्तै, प्रदर्शनीमार्फत उपभोक्ता, वितरक, व्यावसायिक साझेदार तथा सम्भावित बजारलाई महिला उद्यमीका उत्पादनसँग परिचित गराउने उद्देश्य राखिएको छ ।

महिला उद्यमीका उत्पादनलाई बजारसम्म पुऱ्याउन प्रचारप्रसार र प्रवर्द्धनमा सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले उत्पादन, उद्यमशीलता र सफलताका कथालाई आमनागरिकसम्म पुऱ्याउन सञ्चारकर्मीलाई आग्रह गरिन् ।

आगामी दिनमा 'म उद्यमी' अभियानको पहुँच विस्तार, उद्यमी तथा उत्पादनको व्यवस्थित अभिलेखीकरण, गुणस्तर अभिवृद्धि, 'ब्राण्डिङ' तथा 'प्याकेजिङ' सुधार र 'डिजिटल' उपस्थिति सुदृढीकरणमा काम गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिइन् । यसका लागि प्रदेश तथा जिल्ला संघ, सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र र सञ्चारमाध्यमसँग सहकार्य गरिने बताइन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ